# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक

वर्ष १ अङ्क ३१ | २०७३ माघ २४ गते सोमबार | Monday, Feb 6, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-



**भावपूर्ण श्रद्धाञ्जली**



स्व. जनककुमारी थापा
जन्ममिति : वि.स. १९९५/०९/१२
निधन वि.सं. : ०७३/१०/०१

नेकपा (क्रान्तिकारी माओवादी) काठमाडौं जिल्ला सल्लाहकार समिति सदस्य क.साधुराम थापाकी ममतामयी आमा **जनककुमारी थापा**को यही २०७३ माघ १ गते असामयिक निधन भएकोमा गहिरो दुःख व्यक्त गर्दै **दिवंगत जनककुमारी थापाप्रति हार्दिक श्रद्धाञ्जली** व्यक्त गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**काठमाडौं जिल्ला समिति**
**नेकपा (क्रान्तिकारी माओवादी)**


# क्रान्तिकारी माओवादीले जनयुद्ध दिवस जनताकै बीचमा मनाउने

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

नेकपा (क्रान्तिकारी माओवादी)ले जनताकै बीचमा यस पटकको जनयुद्ध दिवस मनाउने भएको छ। पार्टीको पूर्व निर्धारित कार्यक्रम अनुसार देशैभर विकेन्द्रित रुपमा जिल्ला जिल्लामा संचालित अभियानकै क्रममा जनयुद्ध दिवस मनाउने कार्यतालिका बनाएको छ । पार्टीको केन्द्रीय कार्यालय स्रोतले जनाए अनुसार अन्तर्क्रिया, गोष्ठी, सभा गरेर जनयुद्ध दिवस मनाउने तयारी गरेको छ। प्राप्त जानकारी अनुसार नेवा राज्यले जनयुद्ध दिवसको अवसर पारेर एक अन्तर्क्रिया कार्यक्रमको योजना बनाएको छ भने ताम्सालिङ, मिथिला, कोचिला, लिम्बुवान, किरात, भोजपुरामा सामपनि जिल्ला जिल्लामा विभिन्न कार्यक्रमहरु तय गरिएको छ।

अवध, तमुवान, भेक, थारुवान, सेम र मगरातमा पनि विभिन्न कार्यक्रममार्फत् जनयुद्धलाई स्मरण गर्ने तयारी गरेको समाचार स्रोतले जनाएको छ।



दशवर्षसम्म चलेको महान जनयुद्धले नेपाली समाजलाई जरैदेखि हल्लाएको थियो भने अढाइसय वर्ष लामो सामन्ती राजतन्त्रलाई सँधाका निम्ति अन्त्य गरिदिन सफल भएको थियो । नेपाली समाजको आमूल परिवर्तनको अधार तयार पार्न सफल जनयुद्धमाथि जनयुद्धकै नेतृत्व गरेको पार्टीका शीर्ष नेतृत्वले गरेको गद्दारीका कारण जनयुद्धका उपलब्धिहरु संस्थागत हुन सकेनन् । दशौं हजार बढी नेपाली आमाका सर्वोत्तम छोराछोरीहरुले बगाएको रगतको जगमा निर्मित आधारइलाका, जनमुक्ति सेना, स्थानीय जनसत्ता, जनकम्युनहरु रातारात माटियामेट भएर गए । जनताको रगतसँग साटिएका हतियारहरु रातारात पुरानोसत्तालाई बुझाइए । आमूल परिवर्तनको दिमान्मुख क्रान्तिकारी आन्दोलनलाई नेतृत्वले यथास्थितिको गोलचक्करमा फसाउन पुग्यो । फलतः माओवादी आन्दोलनमा टुट, फुट र विभाजनको शिकार हुन पुग्यो र प्रत्याक्रमणको चरणमा पुगेको माओवादी आन्दोलन रक्षातर्फ धकेलियो ।

अहिले माओवादी नामका तीनवटा पार्टीहरु अस्तित्वमा छन् । विप्लव नेतृत्वको नेकपा (माओवादी)ले पनि यही फाल्गनुमा गर्ने महाधिवेशनबाट पार्टीको नामबाट ' माओवादी' पदावली हटाउँदै छ भने प्रचण्ड नेतृत्वको माओवादी केन्द्र संसदवादमा पतन भएर 'माओवादी' नामकै बद्नाम गरिरहेको छ। यस पृष्ठ भूमिमा फेरि पनि जनयुद्ध सुरु गर्दा ताका लिएको लक्ष्य र उद्देश्यमा अडिग पार्टी भनेको मात्र नेकपा (क्रान्तिकारी माओवादी) देखिन्छ । क्रान्तिकारी माओवादीले अहिले पनि नेपालमा नयाँ जनवादी क्रान्तिको आवश्यतालाई मूलरुपमा उठाइरहेको छ र नयाँ ढंगले क्रान्तिकारी पार्टीको निर्माण गर्दै ऊ क्रान्तिकारी तयारीमा जुटेको छ ।

यसर्थमा, जनयुद्धको ... *बाँकी ८ पेजमा*

## क्रान्तिकारी युवा लिग काठमाडौंको भेला सम्पन्न

**काठमाडौं** । क्रान्तिकारी युवा लिग नेपालको आइतबार सम्पन्न एक भेलाले प्रविण देउलालाई संयोजकमा निर्वाचित गरेको छ भने संगठनको इन्चार्चमा प्रेम तामाङलाई चयन गरेको छ । नेकपा (क्रान्तिकारी माओवादी) का काठमाडौं इन्चार्ज तथा पार्टी केस सुरेश श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भेलाले सहसंयोजकमा राजेन्द्र श्रेष्ठ, विपिन अधिकारी, रमेश राईलाई चयन गरेको छ भने सदस्यहरुमा रोशन कार्की, राधाकृष्ण थापा, कुवेर केसी, राजन खनाल, अर्जुन तामाङ, आशाकाजी महर्जन, एमन कार्की, विशाल तामाङ, विकास केसी, हेमन्त तामाङ, सन्तोष खड्का, विक्रम अमात्य, अनिल महर्जन, रोजिन महर्जन, दिनेश बर्तौला, देवेन्द्र तामाङ, नविन खत्री, महेश कुमार सुनार, रनसुर महतरा, दिपेन्द्र सुनार, मनोज शंकर, सुरेश तामाङ। रुपेश कारञ्जित, अमन बराइली, पेम्बा शेर्पा, इन्द्र राई लगायतलाई चयन गरेको छ।

भेलामा लिगका केन्द्रीय अध्यक्ष अमीर महर्जन'आकाश', पार्टी काठमाडौं संयोजक शारदा महत, केस बसन्त बोगटी, देजमो केस खगेन्द्र छन्त्याल, केस सल्लाहकार भरत बुर्जा, जनगणतान्त्रिक जिल्ला सम्पर्क मञ्चका संयोजक हरिकृष्ण गजुरेल, लिगका नेवा संयोजक राजु सुनुवारलगायतको उपस्थिति रहेको थियो ।

## संसदवादी दल छाडेर दर्जनौं क्रान्तिकारी माओवादीमा प्रवेश

**सिन्धुली ।** सिन्धुलीबाट नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य तथा जिल्लाका इन्चार्ज शान्तिमान कार्कीले दिएको जानकारी अनुसार पार्टीको तीन महिने संगठन विस्तार तथा सुदृढीकरण अभियानको क्रममा संसदवादी पार्टीहरु माओवादी केन्द्र, एमाले र कांग्रेस परित्याग गरी दर्जनौ नेता कार्यकर्ता क्रान्तिकारी माओवादीमा प्रवेश गरेका छन् ।

प्राप्त जानकारी अनुसार सिन्धुलीको निर्वाचन क्षेत्र नं. १ अन्तर्गत १ नं इलाकाको इलाका स्तरीय एक भेलाले लोकेन्द्र कार्कीको अध्यक्षतामा १५ सदस्यीय देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको गठन गरेको छ भने सोही इलाकामा पूर्व जनमुक्ति सेनाका कमाण्डर राजन सुनुवारको नेतृत्वमा ११ सदस्यीय क्रान्तिकारी युवा लिग, नेपालको गठन गरेको छ।

केस कार्कीको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त भेलामा माओवादी केन्द्र परित्याग गरेर लोकबहादुर राई, भिमबहादुर सुनुवार, कुमार राई, लालबहादुर तामा, बलबहादुर राई

एमाले परित्याग गरेर प्रेमबहादुर सुनुवार, खिलबहादुर विक, कुलबाहदुर विक, पदमबहादुर सुनुवार र कांग्रेस परित्याग गरी दिपक राई, सितारामा सुनुवार, चित्रबहादुर सुनुवारलगायत क्रान्तिकारी माओवादीमा प्रवेश गरेका छन् ।

उक्त भेलामा मदन बराल, लोकेन्द्र ... *बाँकी ७ पेजमा*

## आजबाट अखिल (क्रान्तिकारी)को राष्ट्रिय भेला

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)को राष्ट्रिय भेला सोमबारबाट सुरु हुँदैछ । देशैभरिबाट करिब ३ सयको संख्यामा प्रतिनिधिहरु जम्मा हुने भेलाले बहुपदीय हिसाबले नयाँ कार्यसमिति चयन गर्दैछ। नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले उद्घाटन गर्ने कार्यक्रममा पार्टीका बरिष्ठ नेता सिपी गजुरेल लगायतका नेताहरुको उपस्थिति हुने कार्यक्रम रहेको छ। पार्टीको नेवाः राज्य कार्यालय कुपण्डोलमा हुने उक्त भेलाको भव्य तयारी गरेको क्रान्तिकारीका संयोजक सेवन्त राज भण्डारीले बताए ।

'शिक्षामा व्यापारीकरण, विदेशीकरण, माफियाकरणको भण्डाफोर गरौं ! रोजगारमूलक, वैज्ञानिक एवम् जनवादी शिक्षाका लागि संघर्ष गरौं !! भन्ने मूल नाराका साथ सुरु हुने भेला मंगलबार बेलुका सम्पन्न हुनेछ । स्ववियू निर्वाचनको पूर्वसन्ध्यामा आयोजना गरिएको क्रान्तिकारीको यस भेलालाई आम क्रान्तिकारी विध्यार्थीहरुले विशेष महत्वका साथ हेरेका छन् । यस संगठनले पूर्णसमानुपातिक ... *बाँकी ७ पेजमा*

## विमानस्थलको सुनकाण्डमा एसएसपी पक्राउ

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अघिल्लो महिना समातिएको साढे ३३ किलो सुन तस्करी काण्डमा एसएसपी श्याम खत्री पक्राउ परेका छन् । उनलाई केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) प्रहरी प्रधान कार्यालयबाटै पक्राउ गरेको हो ।

पक्राउ परेका एसएसपी खत्री सुन तस्करी भएको समयमा विमानस्थलमा नै कार्यरत रहेका थिए । उनलाई यसअघि नै प्रहरी प्रधान कार्यालय तानिएको थियो । ठूलो परिमाणमा अन्तर्राष्ट्रिय विमानस्थलमा नै सुन तस्करी भएको




खबर बाहिरिएपछि त्यसले राष्ट्रिय स्तरको बहस नै सिर्जना गराएको थियो ।

... *बाँकी ६ पेजमा*

## महान् जनयुद्ध र सहादतको मूल्य

नेपालमा नयाँ जनवादी राज्यसत्ता स्थापना गर्ने उद्देश्यमा आधारित रही नेकपा (माओवादी)को नेतृत्वमा दश वर्षसम्म महान् जनयुद्धको सञ्चालन गरियो । रणनीतिक रक्षा, सन्तुलन र प्रत्याक्रमणको प्रक्रियाका बीचबाट जनयुद्ध विकसित हुँदै गयो। यस ऐतिहासिक प्रक्रियामा पन्ध्र हजार भन्दा बढी नेपाली जनताका छोराछोरीहरुले सहादत प्राप्त गरे । अनेकौं योद्धाहरु राज्यद्वारा बेपत्ता पारिए । अनेकौं योद्धाहरु घाइते, अपाङ्ग बन्न पुगे । त्याग, वीरता र बलिदानको ऊर्जाद्वारा नेपाली क्रान्तिको दीपशिखा बडवानलका रुपमा प्रज्वलित बन्दै गयो । सिङ्गो देश कम्पायमान भयो र विश्व पनि तरङ्गित हुन पुग्यो ।

बिडम्बनाको कुरा, यसैबीचमा पार्टी नेतृत्वको एउटा हिस्सामा गम्भीर प्रकारको दक्षिणपन्थी नवसंशोधनवादी विचलन पैदा भयो । पार्टी शान्ति प्रक्रियामा आयो र क्रान्ति पुरा नहुँदै महान् जनयुद्ध अन्त्य भएको घोषणा गरियो । महान् जनयुद्धले निकै ठूलो धक्का खायो । यद्यपि हामी नवसंशोधनवादका विरुद्ध विद्रोह गर्दै क्रान्तिको झण्डा बोकेर अगाडि बढिरहेका छौं । परन्तु, देश तथा विश्वमा पनि जनयुद्धले खाएको धक्का र सहादतको मूल्यबारे गम्भीर प्रकारका प्रश्नहरु उठिरहेका छन् ।



**मोहन वैद्य 'किरण'**

आज हामीसित सहिद परिवार र बेपत्ता योद्धा परिवारजनहरुद्धारा त्याग, वीरता र वलिदानको मूल्यबोधबारे अनेकौं जिज्ञासा, आक्रोश र खबरदारी मिश्रित प्रश्नहरु राख्दै आउने काम भइरहेको छ। महान् जनयुद्धमा अभिव्यक्त त्याग, वीरता र बलिदानका मूल्यहरुप्रति किन विश्वासघात गरियो ? कतै क्रान्तिमा फेरि पनि धोका र गद्दारी हुने त हैन ? यसै ढङ्गका गम्भीर प्रश्नहरु उठाउँदै वहाँहरु निकै चिन्तित र भावुक देखिनु भएको छ। हामीहरुले क्रान्ति, देश, जनता र सहादतको मूल्यप्रतिको प्रतिबद्धता पुनः दोहोऱ्याउने गर्दै आएका छौं । हामीले प्रत्येक वर्ष जनयुद्ध दिवस, सहिद सप्ताह, सांस्कृतिक प्रतिरोध दिवसका साथै विभिन्न सहिदहरुको सम्मान र सम्झनामा विभिन्न कार्यक्रमहरु पनि सम्पन्न गर्ने गरेका छौं । परन्तु, त्यसप्रकारका प्रश्नहरुको जबाफ यतिले मात्र पुग्दैन ।

महान् जनयुद्धमा अभिव्यक्त त्याग, वीरता र वलिदानको वास्तविक मूल्य के हो भन्ने बारे सैद्धान्तिक, राजनीतिक र सांस्कृतिक दृष्टिले स्पष्ट हुन आवश्यक छ। हामीले राम्रोसित के कुरा बुझ्न जरुरी छ भने महान् जनयुद्धमा अभिव्यक्त सहादतको मूल्य वर्गीय पक्षधरता, नयाँ यथार्थको उद्घाटन, वर्ग तथा जनहित, मुक्तिका आदर्श तथा सपना, दुःखान्तका महान् ऐतिहासिक घटनाको समीक्षा र पार्टीको क्रान्तिप्रतिको दायित्ववोध लगायतका विषयमा आधारित रहेको छ। हामीले सहादतको मूल्यलाई राम्रोसित आत्मसात गर्न जरुरी छ।

दश वर्षको महान् जनयुद्ध सामन्त, दलाल तथा नोकरशाह पुँजीपति वर्ग र आम जनसमुदायका बीच लामो समयदेखि चल्दै आएको भीषण वर्ग सङ्घर्ष र राजनीतिक सङ्घर्षको फौजी अभिव्यक्ति हो । जब समाजमा भीषण वर्ग सङ्घर्ष र वर्गयुद्ध चल्ने गर्दछन्, त्यो बेला वर्गीय पक्षधरताको आवश्यकता पर्दछ । यो वर्गीय पक्षधरता जनयुद्धको पक्ष र विपक्षमा देखिएको छ । दुश्मन वर्गले जनयुद्धको विरोध तथा दमनको पक्षमा र जनताले दमनको विरोध तथा जनयुद्धको पक्षमा आफूलाई उभ्याउने काम गरेका छन् । वीर अमर सहिदहरुले आफूलाई वैचारिक तथा भावनात्मक रुपमा मात्र होइन, भौतिक रुपमा समेत प्राणको आहुति दिएर आफूलाई महान् जनयुद्धको पक्षमा उभ्याएका छन् । यो महान् जनयुद्धप्रति अभिव्यक्त वर्गीय पक्षधरताको एक उत्कर्ष हो ।

नेपाली समाजमा महान् जनयुद्धका बीचबाट एउटा नयाँ यथार्थको उद्घाटन हुन पुगेको छ । त्यो नयाँ यथार्थ प्रतिक्रियावादी राज्यसत्ताका विरुद्ध राजनीतिक तथा फौजी विद्रोह र दुई सत्ता, दुई सेना तथा दुई संस्कृतिका रुपमा अभिव्यक्त भएको छ। पुरानो यथार्थका विरुद्ध यो नयाँ यथार्थ भौतिक र आत्मिक दुवै दृष्टिले प्रकट भएको छ । महान् युद्धद्वारा उद्घाटित यस नयाँ यथार्थको निर्माण सहिदहरुको रगत र जीवनको अभिसिञ्चिनका बीचबाट हुन गएको छ।

वर्ग समाजमा वर्गसङ्घर्षका परस्पर विपरीत हित, आदर्श र सपना हुने गर्दछन् । शोषक वर्गले आफ्नो गुटको स्वर्ग बचाइराख्न चाहन्छ भने जनता त्यसको विरुद्धमा खडा हुने गर्दछन् । महान् जनयुद्धको प्रक्रियामा नेपाली जनताले आफ्ना हकहित, आदर्श र मुक्तिका खातिर... *बाँकी ८ पेजमा*

## सम्पादकीय

# क्रान्तिकारी माओवादीप्रतिको जनअपेक्षा

संसदवादीहरु चुनावी अंकगणितको चाउपेचमा राजनीतिलाई गिजोल्न व्यस्त छन् । राजनीतिक परिस्थितिलाई आफू अनुकूल बनाउन उनीहरु अनेकौं नौटंकीमा लागेका छन् । सत्तारुढ कांग्रेस–माके र प्रतिपक्षी एमाले, राप्रपा र मधेसवादी दलहरु आ–आफ्नै पल्ला भारी बनाउने र जनतामा अनेकन भ्रामक प्रचार गरेर जनतालाई बेवकुफ बनाउने खेल खेलिरहेका छन् । तर असफल संसदीय राजनीतिबाट आजित जनता भने उनीहरुको भ्रममा परिरहने स्थिति छैन । पटक पटकको युद्ध, आन्दोलन र संघर्षबाट जनता राजनीतिक रुपमा सचेत, सतर्क र जागरुक छन् ।

संविधान संशोधन, स्थानीय निकायको पुनर्संरचना, संघीयताको स्वरुप, क्षेत्राधिकार, सिमांकन र नामांकन उनीहरुको चुनावी स्वार्थबाट प्रभावित र प्रेरित छ । संसदवादीहरु बीचको यही स्वार्थ र अन्तरविरोध बुझेको वैदेशिक शक्ति खासगरी भारतीय विस्तारवाद यसैमा खेल्न, प्रयोग गर्न र हावी हुन सफल भएको छ । आफ्ना दलालहरु कसलाई सत्तामा पुऱ्याएर आफूले अधिकतम फाइदा लिन र आफ्नो मिसन पुरा गर्न र गराउन सकिन्छ भन्ने लेखाजोखामा भारतीय सत्तासिन वर्ग देखिन्छ । यहाँका दलाल राजनीतिक नेताहरु पनि दिल्लीलाई जसले रिझाउन सक्यो, उसैको सत्ता सुनिश्चित हुने र सत्ताले स्थायित्व लिने विश्वासमा देखिन्छन् र उनीहरु राष्ट्रिय सार्वभौमिकता र भौगोलिक अखण्डतालाई समेत दाउमा राखेर विस्तारवादको दलालीमा लम्पसार पर्न प्रतिस्पर्धा गरिरहेका छन् ।

आम जनमानसले अनुभूत गरेको कुरा हो– मुलुक र जनता दिनदिनै कमजोर बनिरहेका छन्, मुट्ठिभर अभिजात (शासक वर्ग)को भने दिन दो गुणा, रात चौ गुणाका दरमा श्रीवृद्धि भइरहेको छ । श्रमजीवि वर्ग दिन दिनै गरिब बन्ने, श्रमचोर वर्ग दिनदिनै धनी बन्ने यो संसदीय व्यवस्थाको विकल्पको खोजीमा सचेत जनता लागेको धेरै पहिलेदेखि हो । जसको नेतृत्वमा जनताले निर्णायक आन्दोलनसहित आमूल परिवर्तनको अपेक्षा राखे र साथ दिए, उनीहरुबाटै धोका खाँदै आए । परिणामतः जनता फेरि संसदीय व्यवस्थाको सिनोको दुर्गन्धमा नाक थुनेर बस्न विवश छन् । दुर्गन्धले उकुसमुकुस जनता फेरि पनि यो व्यवस्थाको विकल्पमा उठ्न र जुट्न चाहन्छन्, यो सिनोलाई सँदाका निम्ति खाल्टो खनेर गाड्न चाहन्छन् तर उनीहरुले भनेजस्तो राजनीतिक पार्टी र नेतृत्वको अभाव महसुस गरिरहेका छन् । संसदवादी पार्टीहरुको विकल्प संसदवादी पार्टी हुन नसक्ने आम श्रमजीवि जनताको ठहर छ । यही ठहर मुताविक उनीहरु नयाँ वैकल्पिक राजनीतिक शक्तिको खोजीमा छन् । उनीहरु मोहन वैद्य‘ किरण’ नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) पार्टीप्रति बढी आशावादी देखिन्छन् ।

आम श्रमजीवि, शोषित–उत्पीडित जनताको यो अपेक्षा र आशावादितालाई क्रान्तिकारी माओवादीले न्याय गर्न सक्छ कि सक्दैन ? नेपाली राजनीतिको वैकल्पिक र क्रान्तिकारी राजनीतिक धाराको उसले नेतृत्व लिन र दिन सक्छ कि सक्दैन ? संसदीय राजनीतिका तमाम चक्रव्यूह तोडेर आमूल परिवर्तनको यात्रालाई निर्णायक रुप दिन सक्छ कि सक्दैन ? सक्छ भने कसरी सक्छ ? यसको जवाफ खोजेको छन् क्रान्तिकारी माओवादी नेता कार्यकर्ताबाट परिवर्तन चाहने जनताले । यसको जवाफ दिन नै क्रान्तिकारी माओवादी तीन महिने अभियान लिएर जनताबीचमा गइरहेको छ । संसदवादी दलाल राजनीतिक शक्तिहरुले जनतामा पारेको भ्रम चिर्दै आम जनतालाई राष्ट्रियता, जनतन्त्र र जनजीविकाको आन्दोलनमा संगठित गर्न र यी मुद्दाहरुमा सहमत हुने राजनीतिक शक्ति तथा व्यक्तिहरुलाई ध्रुवीकृत गर्दै क्रान्तिकारी माओवादी अगाडि बढिरहेको छ । जनताको साथ, समर्थन, अपेक्षा र आशालाई उसले खेर जान दिने छैन ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निश्पक्ष खबर तथा
विचारका लागि सँधै हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# नेपाली समाजको वर्ग–चरित्रबारे

नेपाली जनताको अथक संघर्षपछि अहिले हामीसँग एक थान गणतन्त्र छ । तर राजतन्त्रको समाप्तिपछिको विगत दशवर्षलाई विचार गर्दा यो गणतन्त्र जनअपेक्षाको कसीमा सफल हुनसकेको देखिदैन ।

राजनीतिक व्यवस्थाको परिवर्तनपछि समाजको राजनीतिक, आर्थिक र साँस्कृतिक चरित्रमा जनअपेक्षित परिवर्तन अनुभूत गर्न सकिएको छैन ।

चरित्रगत् हिसाबले हेर्ने हो भने हाम्रो वर्तमान राजनीतिक व्यवस्था अझैपनि मुठ्ठीभर अभिजात्य वर्गको हित र वैदेशिक शक्तिहरुसंगको चाप्लूसीमा प्रतिष्ठा अनुभव गर्दछ । राजनीतिक पार्टीहरुको उद्देश्य अर्थोपार्जन र भ्रष्टाचार गर्न सहज स्थिति निर्माण गर्नु मात्र भएको छ ।

राजनीतिक पार्टीहरु र अर्थराजनीतिक बौद्धिक (दास)हरु शासकीय स्वरुपको बहस र प्रयत्नमा जसरी व्यस्त देखिन्छन्, त्यसले जनताको हितमा संसारैभरि असफल भएको पश्चिमी शैलीकै संसदीय राजनीतिक र आर्थिक प्रणाली नेपाली जनताको भाग्यमा टाँसिने देखिन्छ । एउटा यस्तो छद्म लोकतन्त्र, जसमा जनतालाई भोट दिने अधिकार र यसैमा गर्व गर्ने अधिकारबाहेक केही प्राप्त हुँदैन ।

अहिले हामीसंग एउटा संसद छ, जो चरित्रमा औपचारिक मात्र छ । निर्णयहरु राजनीतिक दलहरुको स्वार्थमा हुने गर्दछ, जुन राजनीतिक दलहरुमाथि वैदेशिक शक्तिहरुको नियन्त्रण खुल्लेआम अनुभव गर्न सकिन्छ ।

हाम्रो सम्विधानमा संघीयता छ, तर त्यसको स्वरुप निर्धारण हुन बाँकी छ । वर्तमान शासकवर्ग संघीयताको स्वरुपको प्रश्नलाई भविष्यमा थोपर्न चाहन्छ र चौतर्फी विरोध र जनअसन्तुष्टिलाई उपेक्षा गर्दै पुरानै ढाँचामा निर्वाचन गराउन खोज्दैछ । यसको निम्ति लाजै नमानी आफू खुशी सम्विधानमा संशोधन पनि गर्न खोज्दैछ ।

समग्रमा, देशको समग्र राजनीति औपचारिक मात्र देखिन्छ र सचेत प्रयत्न गरिएन भने स्वाभाविकरुपमै नेपाली जनताको भविष्य फासीवादी जंजालमा फस्ने देखिन्छ ।

राजनीतिक परिवर्तनहरुले देशलाई राजनीतिक , आर्थिक, साँस्कृतिक र सामाजिकरुपमा प्रगतिको दिशामा अगाडी बढाउन सकेनभने जनताका संघर्ष, त्याग र तपस्या व्यर्थ हुनजान्छ र ‘परिवर्तनहरु’ शासकवर्गको कुर्सी अदल बदलमा मात्र परिणत हुन्छ ।


जनतालाई अधिकार सम्पन्न र समृद्ध बनाउनुको अर्थ जनतामाथिको उत्पीडनको अन्त र अर्थ राजनीतिक सामाजिक स्थितिमा परिवर्तन हो । अर्को शब्दमा अर्थराजनीतिक सूचकहरु जनपक्षीय दिशामा अग्रसर हुनु र ‘हुनु’ हो । यसकोलागि सबैभन्दा पहिले विद्यमान समाजको वर्ग चरित्रको निर्धारण हुनु आवश्यक छ । हामी नेपाली समाजको निम्ती यो प्रश्न यस कारणपनि महत्वपूर्ण छ कि हामी यतिबेला समयको यस्तो दोसाँधमा छौँ जहाँबाट ‘बहुसंख्यक श्रमजीवि जनताको राज्य’ वा ‘मुठ्ठीभरको पूँजीवादी राज्य’को दुई बाटोको प्रश्न सुरु हुन्छ ।

नेपाली समाजको वर्ग चरित्र के हो ? नेपाली समाज वर्ग विभाजित भएजस्तै स्वाभाविकरुपमै यस प्रश्नमा राजनीतिक दलहरु र अर्थ राजनैतिक बौद्धिकहरु विभाजित छन् । प्रतिक्रियावादी र यथास्थितिवादी राजनैतिक शक्तिहरुको निम्ती यस प्रश्नको खासै महत्व हुँदैन । उनीहरुका केही समाजशास्त्री र अर्थशास्त्रीय बौद्धिकहरुले सामान्यतः चासो राखेपनि त्यो एकेडमिक र बौद्धिक विलासका निम्ती मात्र हुन्छ । तर समाजको आमूल परिवर्तनको निम्ती समग्र क्रान्तिको दिशा खोजी गरीरहेका क्रान्तिकारीहरु र क्रान्ति शुभेच्छुक बौद्धिक वर्गको निम्ती यस प्रश्नले अत्यधिक महत्व राख्दछ । विशेष गरी कम्युनिस्टहरु र वामशक्तिहरु बीच यस प्रश्नलाई महत्वका साथ लिइन्छ ।

अफसोस ! (र स्वाभाविकपनि) वर्तमान नेपाली समाजको वर्ग चरित्रप्रतिको हेराई यस जमातभित्रपनि विभाजित छ । केहीको दृष्टिकोणमा नेपाली समाजको वर्ग चरित्र पूँजीवादी भईसकेको छ र यसलाई आर्थिक प्रयत्नद्वारा समाजवादतर्फ लैजानु पर्दछ (एमाले र माओवादी केन्द्र) । चाखलाग्दो छ , उनीहरुले सम्विधानको प्रस्तावनामा समेत ‘समाजवादोन्मुख’ लेख्न भ्याएका छन् । यस जमातका पक्षधरहरुले आगामी भविष्यको निम्ती राजनीतिक प्रयत्नलाई सामान्य , सहयोगी र गौणको रुपमा पेश गर्दछन् । यिनीहरु सैद्धान्तिकरुपमा समाजवादलाई वर्ग संघर्षको एउटा रुप सामान्यतः स्वीकार गरेपनि समाजवादसम्मको यात्रामा कुनै विशेष राजनैतिक संयन्त्र (वा हतियार) सुझाउँदैनन । उनीहरु भएकै संसदीय संरचना र पश्चिमी पाराका वित्तीय पूँजीवादी आर्थिक संरचनाकै भरमा समाजवादसम्म पुग्ने कुरा गर्दछन् । यसरी हेर्दा यिनीहरु नेपालमा एक महत्वपूर्ण समाजशास्त्री चैतन्य मिश्रका नजिक देखिन्छन् । आफ्नो ‘ पूँजीवाद र नेपाल ’ नामक पुस्तकको लेखकीयमा चैतन्य मिश्र लेख्दछन् : “जहाँसम्म समाजवादी कार्यक्रम तत्काल लागू गर्ने सवाल छ , म यसबाट केही पृथक भएको छु । वंशानुगत स्वामीत्वको परिपाटीलाई कमजोर तुल्याएर अनि श्रम, सीप र कर्मलाई उच्चतम प्राथमिकता दिएर अहिलेको समाजलाई विकसित पूँजीवाद तर्फ मोड्न हालको ऐतिहासिक दायित्व बनेको छ भन्नेमा म विश्वस्त छु ।” (पूँजीवाद र नेपाल , २०६३ , पृष्ठ १५) । विकसित पूँजीवाद ! के भन्न खोजेको हो ?

हुन त चैतन्य मिश्र आफूलाई पष्टरुपमा पूँजीवादी खेमाको स्वीकार गर्दछन् , तर समाजवाद प्रतिको आफ्नो आकर्षण र अपेक्षा भने लुकाउन चाहँदैनन् - ” उक्त ऐतिहासिक चरणको निकै माथिल्लो बिन्दुमा पुगेपछि त्यतिबेला हुने द्वन्दको श्रृंखलाको दौरानमा मात्र समाजवादी कार्यक्रम प्राप्त हुनेछ । सम्भवतः त्यस्तो द्वन्दको चरमोत्कर्ष क्षेत्रीय र विश्वस्तरमा द्वन्द चर्केको र अस्थिरता बढेको ऐतिहासिक क्षणमा नै प्रकट हुन्छ ।“ (उही , पृष्ठ १६) ।

चैतन्य मिश्र कुन ‘द्वन्द’ र ‘ अस्थिरता ’को कुरा गर्दै छन् ? - तेस्रो विश्वयुद्ध वा अर्को सोभियत विद्रोह ? के नेपाली समाजको वर्ग चरित्रलाई पूँजीवादी मान्ने एमाले र माओवादी केन्द्र लगायत वाम पार्टीहरु चैतन्य मिश्र जस्तै अपेक्षा राख्दछन् ? त्यतातिर न जाऔं । विषयमा



रोशन जनकपुरी

> नेपाली समाज वर्ग विभाजित भएजस्तै स्वाभाविकरुपमै यस प्रश्नमा राजनीतिक दलहरु र अर्थ राजनैतिक बौद्धिकहरु विभाजित छन् । प्रतिक्रियावादी र यथास्थितिवादी राजनैतिक शक्तिहरुको निम्ती यस प्रश्नको खासै महत्व हुँदैन । उनीहरुका केही समाजशास्त्री र अर्थशास्त्रीय बौद्धिकहरुले सामान्यतः चासो राखेपनि त्यो एकेडमिक र बौद्धिक विलासका निम्ती मात्र हुन्छ । तर समाजको आमूल परिवर्तनको निम्ती समग्र क्रान्तिको दिशा खोजी गरीरहेका क्रान्तिकारीहरु र क्रान्ति शुभेच्छुक बौद्धिक वर्गको निम्ती यस प्रश्नले अत्यधिक महत्व राख्दछ ।

फर्कौं ।

नेपाली समाजको राजनैतिक रुपान्तरण पूरा नभएकोले सश्स्त्र क्रान्ति मार्फत नेपाली समाजको रुपान्तरण गर्नुपर्ने दृष्टिकोण राख्ने कम्युनिस्ट शक्तिहरुको दृष्टिकोणमा वर्तमान नेपाली समाजको वर्ग चरित्र अर्ध सामन्ती अर्ध/नव औपनिवेशिक रहेको छ (क्रान्तिकारी माओवादी लगायत ) । यसकारण उनीहरुले समाजवादसम्मको यात्रामा नयाँजनवादी क्रान्ति र ( नेपालमा ) संघीय जनगणतान्त्रिक व्यवस्थाको कार्यक्रम अघि सार्छन् । यसै सन्दर्भमा नेपालमा कम्युनिस्ट पार्टीका संस्थापक पुष्पलालको चर्चा उचित हुनेछ । उनि पहिलो पटक नेपाली समाजको वर्ग चरित्रबारे ऐतिहासिक सन्दर्भमा समेत विशद् अध्ययन गरेर ‘अर्धसामन्ती अर्धऔपनिवेशिक’ निष्कर्षमा पुगेका थिए । उहाँले ‘नेपालमाथिको साम्राज्यवादी पूँजीवादी सत्ता पूर्णतः खतम गरी मजदूर वर्गको नेतृत्वमा मेहनतकश जनताको जनवादी राज्यको स्थापना’ लाई पार्टी स्थापनाको उद्देश्य भन्नु भयो ।

नेपाली समाजको वर्ग चरित्रबारे बहस मुख्यतः यिनै दुई दृष्टिकोणमा विभाजित छ । यस विभाजनको मुख्य कारण नेपाली समाजको पारम्परिक अर्थराजनैतिक चरित्रमा परिवर्तनको ऐतिहासिक खुडकिलाहरुलाई हेर्ने दृष्टिकोणमा रहेको भिन्नता हो । यसर्थ नेपाली समाजमा सामन्तवादी-पूँजीवादी संक्रमण र संश्रयबारे संक्षिप्त चर्चा गर्नु सान्दर्भिक हुनेछ ।

मार्क्सले वर्ग संघर्षलाई समाज विकासको प्रेरकशक्ति र वर्गहरुलाई समाजको चालक भन्नुभएको छ । समाजको विभिन्न ऐतिहासिक चरणहरुमा ’ उत्पादन ’ माथि ‘ उत्पादक शक्तिहरु ‘ बीच स्वामित्वको निम्ती हुने संघर्ष विविधरुपमा राजनैतिक-आर्थिक क्षेत्रमा अभिव्यक्त हुन्छ । यसले समाजमा द्वन्दमा आधारित राजनैतिक-सामाजिक ढाँचाको निर्माण गर्दछ । यसले स्वाभाविकरुपमै अर्थ-राजनैतिक स्वाभाव, संरचना र जीवनशैली निर्माण गर्दछ , जसलाई हामी समाजको अर्थ-राजनैतिक अथवा वर्ग चरित्र भन्दछौँ । वर्गद्वन्दमा ऐतिहासिकरुपमा जन्मने सामन्तवाद , पूँजीवाद वा समाजवादी संरचनाकै आधारमा तत्कालीन समाजलाई हामी सामन्तवादी , पूँजीवादी वा समाजवादी भन्दछौँ ।

समाज गतिशील संस्था हो । त्थसैले सामाजिक व्यवस्थाहरुको अभ्युदय र अन्तपनि हुन्छ । द्वन्दमय समाजमा पुरानो जर्जर व्यवस्था र नयाँ प्रगतिशील व्यवस्थाको संक्रमण , संश्रय र संघर्षबाट नयाँ व्यवस्था जन्मने गर्दछ । यस संक्रमणको अवस्थालाई हामी अर्ध ( त्रगबकष वा कभ्रूष) प्राक् (उचभ) आदि प्रत्यय जोडेर सम्बोधन गर्दछौँ - अर्धसामन्ती, अर्धऔपनिवेशिक, प्राक्पूँजीवादी , नवऔपनिवेशिक आदि ।

सामन्तवाद यस्तो प्रकारको समाज हो, जस्मा उत्पादनका मूख्य साधनहरु जग्गामाथि सामन्तहरुको शासकवर्गको एकाधिकारपूर्ण स्वामित्व हुन्छ, जबकि अर्थव्यवस्थाको संचालन साना-साना उत्पादक किसानहरु आफ्ना (पछौटे) प्राविधक साधनबाट गर्दछन् । यस व्यवस्थाको मूख्य आर्थिक सम्बन्ध सामन्ती लगानमा, अथवा यस्तो अतिरिक्त उत्पाद (अधिशेष) मा प्रकट हुन्छ, जसलाई सामन्त (वा राज्य) ले श्रम, मुद्रा वा जिन्सीमा प्राप्त गर्दछ । सामन्ती सम्बन्धहरुमा शहर अनिवार्य हुन्छ, किनभने शहरहरुमा कृषि उत्पादहरुको बिक्री बिना सामन्तवादलाई नगद लगान बारे थाहा नै हुँदैन । यो सामन्तहरुद्वारा किसानहरुमाथि शोषणमूलक व्यवस्था हो ।

पूँजीवाद उत्पादनको साधनहरुमा नीजि स्वामित्व र श्रमशोषणमाथि आधारित व्यवस्था हो । यस अर्थ-राजनैतिक संरचनाको उद्देश्य उत्पादनको क्रममा श्रमशोषणबाट उत्पन्न हुने अतिरिक्त मूल्यमाथि पूँजीपति वर्गको कब्जामा केन्द्रित हुन्छ । मध्यकाल (सोह्रौं शताब्दीतिर) सामन्तशाही र वाणिज्यकोरुपमा रहेको ‘पूँजी’ अठारौं शताब्दीमा औद्योगिकपूँजीको रुपमा देखियो । आफ्नो गतिशील चरित्रको कारण पूँजीले आफ्नो राष्ट्रको सीमा नाघ्न थाल्यो । यसले तत्कालीन पूँजीवादी देशहरुबीच प्रतिस्पर्धा शुरु भयो । उनिहरुले आफ्नो पूँजीवादी शोषण कायम राख्न सम्पूर्ण विश्वलाई भागबन्डा गरे । परिणामतः उपनिवेशहरु जन्मिए र ‘पूँजी’को क्रूर एकाधिकारवादी चरित्र नांगोरुपमा देखापऱ्यो । यो राष्ट्रिय पूँजीवादको साम्राज्यवादमा परिणत् हुने प्रक्रिया हो ।

असीमित र अनियन्त्रित नाफाको भोक र यसको निम्ती उपनिवेशहरुको निर्माणको क्रममा पूँजीवादी राष्ट्रहरु र सामन्तवादी राष्ट्रहरु एक-अर्काका सम्पर्कमा आए । यो सम्बन्ध आर्थिक र राजनैतिकरुपमा द्वन्दात्मक थियो । पुराना जर्जर सामन्तवादीराष्ट्रहरु पूँजीवादीराष्ट्र सामू टिक्न सकेनन् । उनिहरुले घुँडा टेके । परिणामस्वरुप पूँजीवाद संक्रमित अर्धसामन्ती राज्यहरु देखापरे । यी अर्धसामन्ती राज्यहरु साम्राज्यवादी पूँजीवादी राज्यहरुको सामू नत्मस्तक यस्ता राज्यहरु थिए जस्का राजनैतिक-सामाजिक ढाँचा र उत्पादनका उपकरणहरु पुरानै रहेपनि आर्थिक उत्पादनको उद्देश्य सामन्ती लगान र सामन्ती शासकहरुको माध्यमबाट पूँजीवादी राज्यले प्राप्त गर्ने .‘सलामी’ र ‘नजराना’ उत्पादनपनि थियो । कालान्तरमा अर्धसामन्ती राज्यहरु औद्योगिकपूँजीको निम्ती सस्ता श्रम र कच्चा मालको निम्ती प्राकृतिक सम्पदाको निर्बाध दोहनको क्षेत्रकोरुपमा पनि देखिए ।

उपनिवेशवाद साम्राज्यवादी नियन्त्रणको राजनीतिक प्रणाली हो । पन्ध्रौं-सोह्रौं शताब्दीमा संस्थागतरुपमा देखिएको पूँजीवादी ( कैयौंले यसलाई पुरानो साम्राज्यवाद भन्दछन्) वाणिज्य चरित्रको थियो । त्यतिबेला स्पेन, फ्रान्स र पुर्तगालजस्ता देशका पूँजीपतिहरु विभिन्न देशहरुमा गएर व्यापार गर्ने गर्दथ्ये । तर अठारौ शताब्दीपछि विकसित सामाज्यवादी पूँजीवादले देशहरुँमाथि नै कब्जा जमाएर त्यहाँको प्राकृतिक सम्पदाहरुको दोहन गर्ने, त्यहाँको श्रमको उपयोग गर्ने र त्यहीँ उद्योग खोलेर त्यहीँ माल बेच्ने र नाफा (अतिरिक्त मूल्य) संचितगर्ने नीति अपनायो । यो आर्थिक मात्र होइन, राज नीतिक र साँस्कृतिकरुपमै औपनिवेशिक नियन्त्रणको

... बाँकी ७ पेजमा

# राष्ट्रिय युद्ध पनि हुनसक्छ

हरिभक्त कँडेल'प्रतिक', प्रवक्ता, नेकपा (क्रान्तिकारी माओवादी)



**पार्टीको तीन महिने संगठन सदृढीकरण र जनपरिचालन अभियान चलिरहेको छ, यो कसरी चलिरहेको छ, प्रारम्भिक चरणमा यसका सबल र दुर्बल पक्षहरु के के रहे ?**

हाम्रो पार्टीले केही समयदेखि राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवाललाई लिएर आन्दोलन उठाउने भन्दै आइहेको र आन्तरिक रुपमा आत्मगत अवस्थालाई पनि सुधार गर्न विभिन्न जनवर्गीय संगठन विस्तार गर्दै संगठन चुस्त, दुरुस्त बनाउनुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै यो अभियान सुरुवात गरेका हौं । यसको बहुआयामिक महत्व छ । जनतालाई परिचालन गर्ने, जनतासँग पार्टीलाई जोड्ने र राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, जनजीविका र जनतन्त्रका कुराहरुलाई लिएर जनजागरण ल्याउने उद्देश्य अनुसार हामी अघि बढ्न खोजको हो ।

अहिले सबैभन्दा मुख्य समस्या भनेकै राष्ट्रियताको समस्या हो। यसअधिका सबै सरकारलाई पनि माथ गर्नेगरी अहिलेको सरकारले दलालीको प्रक्रियालाई तीव्र बनाएको र राष्ट्रिय स्वाधीनतामाथि पनि गद्दारी गर्दै गइराखेकोले त्यसलाई भण्डाफोर गर्ने, जनतालाई जागरुक बनाउने र आन्तरिक संगठनलाई सुदृढ बनाउने अभियानको कार्यभार हो ।

अहिले अभियान तीव्रतापूर्वक नै अघि बढेको छ भने कतिपय जिल्लामा अझै केही अपुग जस्तो देखिन्छ । नेतृत्वको पंक्ति जति क्रियाशील भएर लाग्यो, त्यति नै तलको टिम र नेतृत्वको टिम पनि क्रियाशिल भएर लाग्ने अवस्था छ । अहिले तल एक प्रकारको निराशाजस्तो र माथि केही साथीहरुमा निष्क्रियताजस्तो देखिएको छ । त्यसलाई पनि चिरेर जानुपर्छ भन्ने नै हो । अहिले लिएको ३ महिने अभियान विचार, राजनीति, संगठन र संघर्षका कार्यक्रमका हिसाबले महत्वपूर्ण र बहुआयामिक छ । जनपरिचालन र जनतासँग जोडिने जनसेवाका कार्यक्रम पनि यहाँभित्र समावेश गरिएको छ । तीन महिनापछि यसले नयाँ परिणाम ल्याउने अपेक्षा गरेका छौं ।

**देशमा नयाँ संक्रमणकाल देखिएको छ। संविधान बनाउने शक्ति नै विभाजनको अवस्थामा छन् । अब अभियानपछिको पार्टीले त्यो संकट समाधान गर्न सक्ला ?**

हाम्रो कुरा के हो भने अब अहिले देशमा क्रान्तिकारी, विचार, राजनीति र सिद्धान्तलाई बोक्ने एकमात्र पार्टी क्रान्तिकारी माओवादी रहेको छ । यद्यपि कतिपय पार्टीहरु यसको सेरोफेरोमा स-साना विषयहरुमा हामीसँग मिल्ने विषय, समूह र व्यक्ति पनि छन् । तर समग्र पार्टीगत रुपमा हेर्ने हो भने स्पष्ट एउटा क्रान्तिकारी धारको नेतृत्व यसले गरेको छ । यसमा दुविधा छैन । अब त्यति हुँदाहुँदै पनि जुन खालको परिस्थिति देखिएको छ, त्यो एकातिर अवसरवादी र प्रतिक्रियावादी कित्ताको अन्तरविरोध पनि बढेको छ । सत्तालिप्साको कारणले राष्ट्रियतामाथि समेत बेवास्ता गरेका छन् । कतिपयको दलाली प्रवृत्ति पनि नांगो ढंगले बढेको छ । यो संकट र उनीहरुबीचको अन्तरविरोधलाई हल गर्न सकिरहेका छैनन् । त्यसलाई छिचोलेर जाने किसिमले हामीले नयाँ ढंगले नेतृत्व गेरर जाने अवस्था आएको छ । त्यसरी अघि जाने अवस्थामा अहिले हामी पनि छौं । विचारधाराको हिसाबले हामीले गरेका छौं, तर सांगठनिक हिसाबले, गतिविधिको हिसाबले प्रभावकारी बनाएर यसले चाँहि गर्छ है भन्ने भइसकेको छैन । अबको तीन महिने अभियानपछि हामी एउटा खुट्किलो चढ्छौं ।

**अहिले संसदवादी दलहरु एकातिर र क्रान्तिकारीहरु अर्कातिर रहेको अवस्था छ । विगतदेखि नै अवसरवादविरुद्ध संघर्ष गर्दै आउनुभयो । यो अवसरवादविरुद्ध लड्न र क्रान्तिकारी पार्टी निर्माणका कस्तो चुनौती हुने रहेछ ?**

एकदमै चुनौतीपूर्ण छ । क्रान्तिकारीहरुका लागि पनि संकटपूर्ण अवस्था नै छ । सिंगो पार्टीका विरुद्ध, क्रान्तिकारी धारकाविरुद्ध साम्राज्यवाद, तिनका दलाल शक्ति र यहाँको प्रतिक्रियावादी सत्ता पनि त्यत्तिकै ढंगले लागेका छन् । उनीहरुले विभिन्न प्रपञ्चहरु गरिरहेका छन् । क्रान्तिकारी धारलाई समाप्त पार्नका लागि र अब केही पनि हुँदैन, सकिन्न, क्रान्ति त धेरै राम्रो कुरा हो तर गर्न नसकिने भएकाले हामीले जे गर्छौं त्यही बाटोबाट जाने हो भनेर आत्मसमर्पणवादी बाटो समातेका छन् र त्यो पनि चरम आत्मसमर्पणवादी बाटो समातेका छन् । उनीहरु उपयोगितावाद, उपभोक्तावादमा फँसेका छन् । त्यसमा लुछाचुँडी पार्टीभित्रै चलाएका छन् । उनीहरु संकटमा छन्, त्यो एउटा पाटो हो । तर हामीले त्यसलाई चिर्न, पहल लिनका लागि पनि निकै नै मेहनत गर्नु पर्दछ । सबैतिर भएको घेराबन्दीलाई तोड्नका लागि आत्मगत अवस्थालाई मजबुत पनि बनाउनु पर्दछ । संगठन र संघर्षको तालमेल मिलाएर जानुपर्दछ । संघर्षविना संगठन चल्दैन र संगठनविना संघर्ष हुन पनि सक्दैन । त्यसको बिचको तालमेल अलि नमिलेजस्तो भएको छ । त्यसलाई यो अभियानले मिलाउने छ । जनतासम्म हेर्दा ग्राउन्ड राम्रो छ । कतिपय संगठित र कतिपय संगठनबाहिर पनि छन् । यो पार्टीले गर्ला, यसको नीति ठीक छ भन्ने मान्छेहरुको जमात ठूलो छ । तर त्यसलाई दृढतापूर्वक अघि बढाउने, क्रियाशील, जुझारु, पहलकदमी लिने खालको विभिन्न स्तरको नेतृत्व निर्माण गर्नुपर्ने आवश्यकता छ । पार्टी टुटफुटका कारणले एउटा ग्याप भएको छ । त्यसलाई पूर्णता दिनुपर्ने अवस्था छ, र नेतृत्वको एउटा शृंखला निर्माण गर्नुपर्ने अवस्था छ ।

राजनीतिमा एउटा संकट आएको छ । मान्छे विचारबिहीनजस्तो, व्यक्तिगत स्वार्थमा लिप्त भएको जस्तो, ससाना स्वार्थका लागि आफ्नो विचार, उद्देश्य, लक्ष्य, परिवर्तनको आकांक्षालाई छाडेको जस्तो, पार्टीमा लागेपनि त्यसलाई दरोसँग समात्न नसकेको जस्तो अवस्था छ । यसको कारण उसको पारिवारिक, आर्थिक कारण पनि होला । तर त्यो मात्रै होइन, किनभने संकटकैबीचबाट क्रान्ति अघि बढ्ने हो । संघर्षकैबीचबाट बढ्ने हो । संकट नभएको ठाउँमा क्रान्ति पनि अघि बढेको छैन । अहिले जुन प्रकारको संकट अन्तर्राष्ट्रिय स्तरमा साम्राज्यवादमा देखा परेको छ, त्यो संकट क्रान्तिकारीहरुभित्र पनि अली भिन्न रुपमा देखापरिरहेको छ । विचारको हिसाबले ग्राउण्ड व्यापक राम्रो छ ।

**अहिले देशको बैकल्पिक राजनीतिक शक्ति निर्माणको कुरा गर्नु भएको छ। तर क्रान्तिकारी नै संकट र कमजोर अवस्थामा रहेको बेला यो कसरी सम्भव छ ?**

यो प्रश्नले अली ठूलो बहसको माग गर्दछ । मैले अघि पनि थोरै संकेत गरे । यस्ता संकटहरु बेलाबखत आउँछन् । ठूला पार्टीहरु साना र छिन्नभिन्न हुने, नीति, विचार, कार्यदिशा र सिद्धान्तको रक्षा गर्न धौधौ हुने अवस्था आउँदो रहेछ । त्यसका लागि जति सहमत हुन्छन्, त्यतिलाई लिएर जानुपर्ने अवस्था आउँछ । अहिले त्यस्तै अवस्था हो । जसरी लेनिनहरुको पालामा सन् १९०५ को विद्रोहपछि जुन प्रकारको संकट आयो, त्यो खालको संकट जस्तो, चिनियाँ कम्युनिष्ट पार्टीमा लङमार्चअघि जुन प्रकारको संकट आयो, त्यो खालको संकट अहिले हाम्रोमा देखिएको छ । किनभने जनयुद्ध लडेको एउटा ठूलो हिस्सा, त्यसमा पनि मूल नेतृत्वसहितको हिस्सा नै प्रतिक्रान्तिमा लागेका कारण र त्यसपछि आएको विभाजन, घेराबन्दी र अवसरवादीहरु पार्टीबाट यो वा त्यो रुपमा आत्मसमर्पणमा लागे । विप्लवहरु एक ढंगले क्रान्तिकारी खोल ओडेर व्यक्तिवाद, व्यक्तिवादी महत्वाकांक्षालाई प्राथमिकता दिएर गए । उनीहरुले क्रान्तिको समग्रतालाई बुझेनन् वा बुझ्न चाहेनन् । परिणामलाई समग्र उद्देश्यसँग जोड्ने होइन कि तत्कालीन पार्टीको अस्तित्वसँग जोड्ने, नेतृत्वको महत्वाकांक्षासँग जोडने प्रवृत्ति अर्थवादी प्रवृत्ति हो । यसैका कारण पहिलो फुट भयो । त्यसपछि क्रान्तिकारी धारभित्र आत्मसमर्पणवाद, पलायनवाद निकृष्ट रुपमा देखा पर्‍यो । अब एकचोटी क्रान्तिकारीहरुले यस्ता संकटको सामना गरेर मात्रै आफ्नो नेतृत्व, क्षमताको विकास र भरपर्दो ढंगले क्रान्तिको नेतृत्व गर्ने पार्टीको निर्माण हुन्छ ।

क्रान्तिमा आउने संकटहरु र क्रान्तिमा आउने संकटबाट भित्र पर्ने प्रभावबाट गुज्रनै पर्छ । हामी त्यहि चरणमा रहेका कारणले मान्छेहरुले हामीलाई विचारधारात्मक हिसाबले तपाईहरु नै हो, तर गतिशीलता, क्रियाशीलता पुगेको छैन भन्ने कुरा हाम्रो पंक्तिभित्र मात्रै नभई बाहिर पनि आउने गरेको छ । यसले के देखाउँछ भने विचार र नेतृत्व ठीक छ । तर त्यसले समग्र शक्तिको रुपमा स्थापित हुन सकेको छैन भन्ने संकेत गर्छ । त्यसकारण हामीले असाध्यै मेहनत गर्न आवश्यक छ । यतिबेला जुनसुकै तहका नेताले पनि त्यसलाई गहिरोसाथ बुझ्ने र पकड्ने सवालमा हामीले मेहनत गर्नुपर्छ ।

**तपाईहरुले जनयुद्धको जगमा जनविद्रोहको कार्यदिशा अंगाल्दै आउनुभयो, तर समग्रमा हेर्दा जनयुद्धको जग ध्वस्त भइसकेको छ। अब यसलाई परिवर्तन गर्ने बेला होइन र ?**

यसलाई सारमा बुझ्नुपर्दछ । रुप पक्षमा मात्रै मान्छेले बुझ्दा रहेछन् । यसको चेतना, संगठन, सत्ता, सेनाजस्ता मूल शक्ति त विघटन भए । तर त्यसको चेतना र प्रभाव सबै सकियो भन्ने कुरा सत्य होइन । दोस्रो, अहिले हामीले जनयुद्धको जगमा जनविद्रोह भनिरहेका छैनौं । अहिले नेपाली विशिष्टतामा भनेका छौं । यी कुराहरु पनि अन्तर्यमा पर्ने भए । तर नेपाली विशेषता के हो भन्ने बारेमा ५/६ वटा बुँदामा निश्चित गरिएको छ । अहिलेको विश्वको अवस्था, नेपालको अवस्था, आर्थिक अवस्था, सामाजिक परिवेश परिवर्तनको आवश्यकता भन् बढी मुखरित भएर आएको छ । भन् क्रान्तिको आवश्यता तीव्र बनेर आइरहेको छ । अब त्यसको नेतृत्व कसरी गर्ने, त्यसलाई कसरी विश्वस्त बनाउने र जनतामा भाँगिलो बनाउने भन्ने कुरा चाँहि हो । त्यसकारण जनयुद्धको जगमा जनयुद्धको कुरा गलत होइन । तर त्यसलाई अली भिन्न परिस्थितिमा व्याख्या गरि नुपर्दछ । नेपालको विशिष्टता भन्ने कुरा हामीले जोडेका हौं । फेरि क्रान्तिको सम्भावना र सम्भव दुवै छ । बरु के हो भने अलिकति समय लाग्ने भयो । किनभने, एउटा ठूलो विश्वास गरेको शक्ति र नेतृत्वले धोका दिइसकेपछि तत्कालै विश्वास भइहाल्ने हुँदैन रहेछ । त्यसमा राम्रो मेहनत आवश्यक छ र परीक्षणको समय लिन्छ । हामी त्यो कालमा हामी छौं, त्यसमा धैर्यतापूर्वक, सक्रियतापूर्वक र दृढतापूर्वक लाग्नुको विकल्प छैन । विज्ञान त्यही हो, क्रान्तिमा हारजित हुन्छ, अगाडि पछाडि टुटफुट हुन्छ । त्यो पनि वर्गीय सोच अनुसार नै हुन्छ । वर्गीय सोच एउटै भएन भने एकै ठाउँ हुने कुरा भएन । आधारभूत कुरा नै फरक भइसकेपछि एकैठाउँमा हुन सकिन्न । त्यसकारण प्रचण्डले माओवादी केन्द्र भन्दैमा उनी माओवादी त होइनन्, उनले माओवाद नै परित्याग गरिसके । साँचो अर्थमा भन्ने हो भने मार्क्सवाद समेत परित्याग गरिसके । तर रुपमा उनी त्यस्तै देखिएकाले मान्छे त्यो भ्रममा छन् । मान्छेले रुप पक्षलाई छिटो देख्छन् । उनको कार्यशैली, कार्यप्रद्धति, जुन प्रकारको सम्बन्ध र सरकारमा गएर गरेका काम प्रतिक्रियावादलाई सघाउने काम बाहेक अरु त गरेका छैनन् । उनले असफल भइसकेको संसदीय व्यवस्थालाई टिकाउनका लागि संसदवादी भन्दा पनि नांगो रुपमा प्रस्तु भएका छन् । यो नकारात्मक कुरा हो । यसलाई क्रान्तिकारीहरुले ठीक ढंगले जनतामा स्थापित गर्न सकियो भने गद्दारीलाई पर्दाफास गर्न सकियो भने भने क्रान्तिकारी धार र नेतृत्व स्थापित हुन सक्छ । सकारात्मक भूमिका यहाँबाट खेल्न सकिन्छ । तपाईले भनेको जस्तै ध्रुवीकरण गेरर जान सकिन्छ । अहिले त्यो अवस्था पनि छ । एक पटक नयाँ ढंगको ध्रुविकरणको आवश्यकता छ । अब दुई/तीन वर्षको अवधिमा एउटा ठुलै ध्रुविकरण हुने अवस्था छ । प्रचण्ड यही अवस्थामा रहन सक्दैनन् । संसदवादीहरुको एक ठाउँमा कम्युनिष्टहरुको आवरणमा जनतालाई धोका दिने शक्ति निर्माण हुन्छ । छिन्नभिन्न भइरहनुपर्छ भन्ने लाग्दैन । एमालेभन्दा पनि माओवादी केन्द्र तल गइसक्यो । क्रान्तिकारी कित्तामा पनि नयाँ ध्रुवीकरण हुन्छ । विप्लवले जुन भ्रम दिन खोजिरहेका छन्, त्यसभित्र पनि वैचारिक छलफल सुरु भएको छ । उनले पार लाउने हुन् कि होइनन् भन्ने कुरा छ । पार लगाउने अवस्था पनि छैन । किनभने उनीहरुसँग, विचार र कार्यदिशा नै छैन । तत्कालिक कार्यक्रमहरु दिएर पार्टीलाई थेग्ने र अस्तित्व बचाउने भन्दा ठूलो देखिएको छैन । त्यसकै लागि उनले अर्थवादी र राजनीतिक प्रचारबाजीका कामहरु गर्दै गइरहेका छन् । त्यसको तादाम्यता जोडिदैन । कसरी निर्णायक मोडमा पुऱ्याउने भन्ने कुराको मेल खाँदैन । त्यो कार्यदिशा र लक्ष्यसँग जोडिएको विषय हो, त्यहाँ नजोडिएपछि जस्तासुकै संघर्ष गरे पनि हात्ती आयो हात्ती आयो फुस्सा भनेजस्तै हुन्छ । गरुनजेल केही हुन्छ कि जस्तो त हुन्छ । तर निर्णायक मोड लिन सक्दैन ।

**जनविद्रोह भन्ने कुरा आमविद्रोहमार्फत् राज्यसत्ता कब्जा गर्ने भन्नु भएको होला । तर क्रान्तिकारीहरु नै रक्षात्मक अवस्थामा रहेको अवस्थामा कसरी सम्भव होला ?**

यो रणनीतिक सवालको कुरा हो । यो कुरा गर्दा यसको तयारीको कुरा पनि गर्नुपर्छ । तत्कालको कुरा गर्ने हो भने त भर्खरै सम्भव छैन । तर, विद्रोहविना संसारमा क्रान्ति सम्पन्न भएको छैन । नेपालको सन्दर्भमा राम्रो तयारी गर्नुपर्दछ । विद्रोहको अर्को विकल्प छैन । राष्ट्रियतामाथि भारतीय विस्तारवादको हस्तक्षेप तीव्र बन्दै गइरहेको छ। हामीले नवउपनिवेशको अवस्था छ भनेका छौं । राष्ट्रियताको आन्दोलनलाई अघि बढाउँदै लैजादा नयाँ खालको जनविद्रोह हुनसक्छ । हामीले चिनियाँ, रुसीजस्तो हुन्छ भनेका छैनौं । माओको निधनपछि त्यो प्रकारको नेतृत्वको विकास भएको छैन । नेतृत्व क्रान्तिकै बीचबाट जन्मिने हो । पहिले नेतृत्व बनाएर क्रान्ति गरौं भन्ने हुँदैन । सापेक्ष रुपबाट त हामी सन्तुष्ट छौं, तर यसले पुग्दैन । हामीले विषयलाई घनिभुत र ठोस गरेर त्यसलाई समाधान गर्नका लागि कार्यदिशालाई समृद्ध बनाएर जाने सोचेका छौं । आधारभूत रुपमा हामी ठीक ठाउँमा छौं, यसलाई अझै ठ्याक्कै जनतासँग लैजाने कुरामा केही कमी छ, त्यसलाई राष्ट्रिय सम्मेलनमार्फत हल गर्नुपर्छ ।

**सरकार निर्वाचनतर्फ हतारिएको छ । उसले आगामी माघ ७ भित्र तीन वटै निकायका निर्वाचन गरेर संविधान कार्यान्वयनमा लैजान चाहन्छ। तपाईहरुको नीति चाँहि यस विषयमा कस्तो हुन्छ ?**

क्रान्तिकारीका लागि निर्वाचन भनेको सैद्धान्तिक भन्दा पनि कार्यनीतिक प्रश्न हुन् । क्रान्तिको हितमा कसरी प्रयोग गर्न सकिन्छ ? उपयोग गर्दा फाइदा हुन्छ, या नगर्दा फाइदा हुन्छ भन्ने कुरा पार्टीले टुंगो लगाएको छैन । हाम्रो नीति के हो भने के गर्दा फाइदा हुन्छ, त्यो गर्नुपर्छ भन्ने कुरामा हामी अलमलमा छैनौं । तर निर्वाचन हुन्छ कि हुन्न भन्ने कुरा अझै अन्योलमा छ । प्रचण्डलाई के भएको छ भने, 'नखाउँ भने दिनभरीको शिकार, खाउँ भने कान्छाबाबुको अनुहार' । चुनाव गर्नुपर्ने प्रधानमन्त्री भएका नाताले उनको यो लक्ष्य नै हो तर चुनाव गराउँदा उनीसँग कुनै कार्यदिशा, योजना केही पनि छैन । उनी आत्मसमर्पणको दिशामा विदेशी शक्तिको इशारामा चल्ने दिशामा गइरहेका छन् । जनतामा पनि विश्वास कट्दै गइरहेको छ । उनले गरेको राष्ट्रघाती कदमका कारण जनता तिव्र घृणा जागेर गएको छ । यस्तो अवस्थामा निर्वाचन गराउँदा हामी भन कमजोर हुन्छौं भन्ने चिन्ता छ, कार्यकर्ताको सल्लाह पनि त्यही छ । काँग्रेस-एमाले, मुख्यगरी एमालेले छिटो निर्वाचन चाहेको छ । किनभने प्रतिपक्षी दल भएका कारणले आफ्नो शक्ति बलियो हुन्छ कि भन्ने होला । संविधान संशोधनको कुरा गरिरहेका छन्, त्यो पनि पारित नहोलाजस्तो देखिएको छ । अब कसरी घुमेर जाने भन्नेबारेमा विभिन्न विकल्पहरु उनीहरुकै प्रजातन्त्रलाई किल गर्ने गरी जाने देखिन्छ । हुन त यो प्रजातन्त्र हुनेखाने, दलाल पुँजीपति, नोकरशाही र दलालहरुकै हो । यसले जनताको मागको सम्बोधन गरेको पनि छैन । यो प्रतिक्रियावादी, प्रतिगमनकारी संविधान हो । अभ यो भन्दा पनि प्रतिगमनमा जाने सम्भावना पनि छ । यसकारण निर्वाचन हुने नै भयो भने हामीले यसलाई उपयोग गर्ने या बहिस्कार गरेर जाने भन्ने टुंगो लगाउँछौं । तर यो कार्यनीतिक सवाल हो । हाम्रो सोच भने क्रान्तिको हितमा, कार्यदिशाको हितमा, उद्देश्यको हितमा प्रयोग गर्ने सम्भावना छ भने त्यो पनि गर्न सक्छौं ।

**ठूला दलकै नेताले अब आउने आउँछन्, नआउनेलाई छाडेर भएपनि निर्वाचनमा जानुपर्छ भन्न थालेका छन् । त्यस्तो अवस्थामा नेपालको राजनीतिक कोर्स कतातिर अघि बढ्ला ?**

यो भारतीय विस्तारवादको खेलसँग जोडिएको छ । हुनसक्छ, काँग्रेसभित्र पनि विभिन्न खालका गुट, उपगुटहरु, अन्तरविरोध छन् । उनीहरुले आफ्नो स्वार्थका लागि विभिन्न शक्तिकेन्द्रसँग जोडेर उठाएका छन् । यो स्वतन्त्र ढंगले, नेपाली भएर, नेपाली परिवेशबाट सोच्ने कुराको हास भएको छ । मधेसको सवालमा मधेसवादी दलले जुन संशोधनको माग गरिरहेका छन्, त्यसका बाबजुद पनि चुनावमा जानुपर्छ भन्ने कुरा एमालेसँग मेल खान जान्छ र यो भारतको एक गुटसँग समेत मेल खान्छ । अहिलेको सत्ताधारी भन्दा अली फरक ढंगले परिचालित भएको देखिन्छ । यहाँ विभिन्न खालका भारतीय लबीहरु प्रयोग भइरहेका छन् । यदि स्वतन्त्र रुपमा उठेको भए, राष्ट्रियताको बारेमा किन उठाउँदैनन्, जनतन्त्र, जनजिविकाका सवाललाई किन उठाउँदैनन् । भ्रष्टाचार, महंगी संस्थागत भएको छ । सरकारको नीति नै फितलो छ, जनताप्रति उत्तरदायी छैन ।

**अन्त्यमा, राष्ट्रियता संकटमा परेका बेला यसबारेमा केही कुरा राखिदिनुहोस् न ।**

विषयहरु धेरै गरियो, अहिलेको समस्या भनेकै राष्ट्र जोगिन्छ कि जोगिन्न भन्ने हो । उपनिवेश नयाँ ढंगले प्रयोग भइरहेको छ । त्यसकारण हामीले नवऔपनिवेश भनेका हौं । भारतको चलखेल र उसका गतिविधि माइक्रो तरिकाले तलतल गइसकेका छन् । यहाँका कर्मचारीतन्त्रका कतिपय व्यक्तिहरुले नेपालबाट आउने तलबभन्दा पनि भारतबाट बढी पैसा लिएर राष्ट्रघात गर्न बिकिरहेका छन् । नेपाल र नेपाली जनताको हितमा सोच्ने परिपाटीको विकास गर्न जरुरी छ । आत्मसमर्पणवादी सोँच र संस्कृतिका विरुद्ध फेटा बाँधेर लड्न जरुरी छ र जनता पूरा उल्टिन आवश्यक छ । जे गर्न सक्छौं, नेपाल र नेपालीका लागि गर भन्ने जनताको माग छ। त्यो भन्दा अघि बढेर राष्ट्रिय युद्ध पनि हुनसक्छ। त्यसलाई क्रान्तिकारीहरुले फेरि क्रान्तिको हित, समग्र श्रमजीविको हितमा र उत्पीडित जनताको लागि गरिने दीर्घकालीन युद्ध पनि हुनसक्छ । देश नै नरहेने भने पार्टीको पनि अस्तित्व रहने कुरा भएन ।

# राजनीतिमा युवा पुस्ताको उदासिनता र विमुखीकरण



के बि गुरुङ

**प्रारम्भ**

नेपालको कम्युनिष्ट आन्दोलनले ६ दशक पारगरेको छ। यो अवधिमा अनेकौ उतार र चढावहरु बेहोर्दै नेपालको आर्थिक, राजनीतिक र समाजिक परिवर्तनमा महत्वपूर्ण भूमिका खेलेको छ । तर समाजवाद र साम्यवादलाई दिर्घकालिन लक्ष्य र नया जनवादलाई आधारभूत कार्यक्रम बनाएर अघी बढेको कम्युनिष्ट आन्दोलनले त्यो लक्ष्य र कार्यक्रम पुरागर्न सकिरहेको छैन। तर त्यो लक्ष्य र कार्यक्रमको आवश्यकता र औचित्य भने कैयो गुणा बढेर गएको छ भने समाज परिवर्तनका वाहक जनताको सबैभन्दा सक्रिय तप्का युवा वर्गको राजनीति प्रतिको उदासीनता र विमुखिकरण बढ्दै गईरहेको छ। त्यसैले विद्यमान नेपाली समाजको आर्थिक र राजनीतिक ब्यवस्थाका साथै समाजिक अबस्थामा आमूल परिवर्तन अर्थात नया जनवादी क्रान्तिको नेतृत्वगर्ने कम्युनिष्ट पार्टी र आन्दोलनामा युवाहरुको उदासीनता र विमुखिकरणको विषय गम्भीर चिन्ता र चासोको विषय हो । र, कम्युनिष्ट पार्टी र आन्दोलनले गम्भीररुपमा लिएर आबश्य पहलकदमी लिन अत्यन्त जरुरी भएको छ।

**युवा पुस्ताको उदासीनता र विमुखीकरण कारणः**

नेपालको रानीतिक परिवर्तनको घटनाक्रममा २०४६ सालको जनआन्दोलन र त्यसले प्राप्त गरेको उपलब्धी नेपाली समाजलाई अग्रगति दिने महत्वपूर्ण कडी थियो । निर्दलिय पञ्चायति ब्यबस्था र राजतन्त्रको निरंकुशताको अन्त्यलाई यसका मुख्य उपलब्धीकारुपमा लिन सकिन्छ । तर यसको अर्को सकरात्मक पक्ष नेपाली जनतामा आशा र अपेक्षा जगायो। जनजागरण र राजनीतिको खुला वातावरण सृजना गर्‍यो । त्यसैको परिणाम् ब्यापकरुपमा वर्गीय, जातीय, क्षेत्रीय, लैंगिय समाजिक संघ सस्था र राजनीतिक दलहरु गठन भए। त्यसले सामाजिक जागरण र राजनीति सचेतना र संलग्नतालाई काफीहदसम्म वृद्धि विकास गर्‍यो । तर अर्थ राजनीतिको सत्तामा पकड भएको सामन्तवादी नेतृत्व र दलाल तथा नोकरशाह पूजिपतिहरुको ब्यवस्था र अबस्थामा मुलभूत परिवर्तन भएन। जसको परिणाम् जन आन्दोलन पश्चात जनताले गरेको अपेक्षाहरुमा तुसारापात हुदै गयो भने जागेका आशाहरु ओईलाउदै जानथाले । त्यसले गर्दा युवाहरुमा पलायनता र राजनीतिक उदासिनता बढ्दै जान थाल्यो।

२०५२ फागुन १ गतेदेखि प्रारम्भ भएको तात्कालिन नेकपा (माओवाद) को जनयुद्ध र त्यसले गर्दै गएको विकासले नेपाली समाजमा जरा गाडेको सामन्तवादी आर्थिक र राजनतिक ब्यवस्था र समाजिक अबस्थालाई हल्लाउदै जड्उन्मूलनतिर अगाडि बढ्ने क्रममा युवावर्गको ठूलो हिस्सालाई राजनीतिक प्रति अकर्षित गर्दै जनयुद्धमा समाहित गराउदै लग्यो। तर युवा वर्गको विदेश पलायनलाई भने रोक्न सकेन बरु पछिल्ला चरणमा पलायनताको निउ पैदा गर्‍यो।

नयाँ जनवादी क्रान्तिलाई तात्कालिन कार्यभार बनाएर अगाडि बढेको जनयुद्धले लोकतान्त्रिक गणतन्त्रको कार्यदिशा समाते पश्चात जनयुद्धमा सर्मर्पित नेता तथा योद्धाहरुमा चिसो पस्यो । लोकतान्क्रिक गणतन्त्रको कार्यादिशाले क्रमशः कार्यरुप धारण गरेपछि भने जनयुद्धले गम्भीर धक्का खाएको प्रष्ट भयो। त्यसले गर्दा खास गरेर जनयुद्धमा समर्पित युवा वर्गमा गम्भीर आघात पर्‍यो। त्यसले पलायनता, राजनीति उदासिनता, विचलन र विमुखिकरणमा थप मद्दत गर्‍यो।

१० वर्षे जनयुद्ध र २०६२-६३ को जनआन्दोलनले नेपाली समाजलाई एक स्तरमा अग्रगामी दिशामा अगाडि बढायो । तर जनयुद्धले धक्का खानु र जन आन्दोलनको राप र ताप सेलाउदै जानुको परिणाम् जनयुद्ध र जनआन्दोलनका उपलब्धीहरु पनि गुम्दै जानेक्रममा तिव्रता आयो। र, पहिलो संविधानसभाको अवसानसंगै अग्रगामी नया संविधान निर्माणगरी उपलब्धीहरुको संस्थागत गर्ने नेपाली शोषित र उत्पीडित वर्ग, जाति, क्षेत्र र लिंगका जनताका अभिष्टमा पनि तुसारापात भयो। कथित दोस्रो संविधानसभाको नौटंकी र त्यसले बनाएको यथास्थिति र पश्चगामी संविधानले उपलब्धीहरुको सारतत्वलाई नै विकृत गरिदियो । र, यतिवेला नेपालमा रहेको गणतन्त्र, संघीयता, धर्म निरपेक्षता जस्ता राजनीति ब्यवस्थाका अबयवहरु सार विनाका विकृतरुप बन्न गएको छ। यसले युवा वर्गको पलायनता र राजनीतिक उदासिनता र विमुखिकरणलाई उत्कर्षमा पुर्‍याएको छ।

नेपालको राजनीतिक घटना क्रममा ००७ सालको जहानिय राणा साशन विरुद्धको सशस्त्र संघर्ष ०२८को झापा विद्रोह, ०३६को बहुदल र निर्दल विचको जनमत संग्रह, ०४६को जनआन्दोलन १० वर्षे जनयुद्ध र ०६२ /६३ को जन आन्दोलन तात्कालिन आर्थिक र राजनीतिक ब्यवस्था र समाजिक अवस्थाको परिवर्तनमा अर्थपूर्ण आर्थिक, राजनीतिक र समाजिक महत्व राख्ने परिवर्तनका प्रमुख सृखलाहरु हुन।

उपर्युक्त राजनीति घटनाक्रमका सृखलाहरुमा समय परिस्थिति अनुसार फरक, फरक विशेषताहरु रहनु स्वभाविकै हो। तर दुईवटा आधारभूत विशेषतामा भने समानता रहेको देखिन्छ। पहिलो, सत्ता राजनीतिको केन्द्रभागमा पात्र, प्रतिनिधि र पार्टीहरु फरक भएता पनि वर्गीय हिसावले सामन्त, दलाला र नोकरशाह प्रतिक्रियावादी वर्गकै पकड रहदै आएको छ । ०६३सालसम्म सामन्तवाद कै अग्रता रहदै आएकोमा राजतन्त्रको अन्त्यले के फेरवल गर्‍यो भने वल्ला घरको नरे, पल्ला घर सरे भने झै सामन्तवादको अग्रस्थान दलाल र नोकरशाहहरुले लिन पुगे र सामन्तवाद पृष्ठभागमा धकेलियो। दोस्रो,

> “
>
> *युवा वर्गमा वर्ग पक्षधरताको आधारमा शोषक, उत्पीडक प्रतिक्रियावदी वर्ग प्रति घुणा र अक्रोस पैदा गर्नु जरुरी छ । वर्ग समन्वय होइन वर्ग संघर्षमा होमिन उत्प्रेणाको खांचो छ । वर्ग संघर्ष वेगर वर्गीय मुक्ति हुन नक्ने तितो सत्यलाई आत्मसात गराउनु अनिवार्य छ ।*

सबै सघर्ष, युद्ध र आन्दोलनहरुमा शोषित उत्पीडित वर्ग, जाति, क्षेत्र, लिंगका जनताले विभिन्नरुपमा भागलिएका मात्र हैन ठूला ठुला कुरवानी गर्नुका साथै र शाहदात प्राप्त गरेकाछन्। तर सघर्ष, युद्ध र आन्दोलनहरुले प्राप्त गरेका उपलब्धीहरुको प्रतिफल लिनबाट चुकेका वा बञ्चित रहदै आएका छन् । अर्को कुरा जनताको पक्षमा जनहितकारी कामगर्दै देश भक्त, जनतान्त्रि र अग्रगामी पक्षलाई लिएर कम्युनिष्ट पार्टीहरुले प्रतिक्रियावादीहरुको विकल्प दिनुको साटो कम्युनिष्ट पार्टीका नेतृत्वमा रहेकाहरुबाटै उल्टै प्रतिक्रियावादीहरुसंग मिलेमतो र सांठगांठ गरेर जनघाति र राष्टघाती काममा सहभागि र संलग्न हुने विडम्वना रहदै आएको छ। त्यसैगरी संघर्ष र आन्दोलनका दौरान र पश्चात विशेषत कम्युनिष्ट पार्टीका नेतृत्व वर्गमा राजनीतकरुपमा अवसरवादीकरण, आर्थिकरुपमा भ्रष्टीकरण र सांस्कृतिकरुपमा विचलन हुने गरेकोछ । जसले गर्दा संघर्ष र आन्दोलनका हरेक सृंखला पश्चात जनतामा, विशेषत युवा वर्गमा निरासा, उदासिनता र पलायनता ल्याउने गरेको छ, त्यसको परिणाम् रानीति विमुखिकरण नै हुने गरेको छ।

यसरी नेपाली अर्थ राजनीतिमा लामो समयाब्धीसम्म सामन्तवादको नेतृत्वमा, दलाल र नोकर शाहहरु र अहिले दलालहरुको नेतृत्वमा नोकरशाह र सामन्तवादको हालि मुहालीका कारण नेपालको आर्थिक, राजनीतिक र सामाजिक ब्यबस्था जन हितकारी हुन नसक्नु र नसकिरहको अवस्थाले युवा जनशक्ति निरास, उदासिन हुदै पलायनहुन पर्‍यो र परिहेको छ। अहिले दिनमा पन्द्र सय भन्दा बढी युवाहरु बाहिरिने गरेको आकडा सार्वजानिक भैरहेको छ। अझै यो आकडामा भारत र गैरकानुनि तरिकाले विदेश जानेहरु समावेस छैन। समग्रमा भन्दा युवा वर्गको पलायनता र उदासिनताले युवाहरुलाई राजनीति विमुखिकरण बनाएको छ। त्यसको प्रत्येक्ष असर कम्युनिष्ट पार्टी र आन्दोलनमा परेको छ। यो कम्युनिष्ट पार्टी र आन्दोलनका लागि अत्यन्त गम्भीर चुनौतीको विषय हो।

**युवा वर्गको उदासीनता र विमुखीकरण निवारणः**

युवा वर्गको राजनीतिमा उदासिनता र विमुखिकरण कम्युनिष्ट पार्टी र आन्दोलनका लागि त गम्भीर विषय हो नै, तर यसले समग्र आर्थिक, राजनीतिक र समाजिक परिवर्तनका लागि पनि नकरात्मक प्रभाव पार्दछ। किन कि राजनीति चेतना मानव समाज विकास क्रमको उच्च मानव चेतना हो। तर अहिले राजनीति र पार्टीका नाममा भईरहेको बिकृत, विसंगती र भ्रष्टीकरणले मानव समाजको उच्च चेतना राजनीति प्रति नै नकरात्मक धारणा बनेकोछ। त्यसकारण राजनीति र पार्टीका नाममा भईरहेका र हुने नकरात्मक पाटा पक्षहरु र राजनीति चेतना फरक चिज भएको प्रष्टयाउने उचित कदम चाल्नु अनिवार्य छ।

राजनीति चेतनाको अभावमा कुनै पनि समाजको आमुल परिवर्तनको कुरा त के, सामान्य परिवर्तनले पनि अग्रगति लिन सक्दैन । अर्को आधारभूत कुरा वर्गीय समाजमा सबै चिज वर्गीय हुने भएकाले राजनीति चेत, अभिष्ट र पार्टीहरु पनि वर्गीय नै हुन्छन्। कम्युनिष्ट पार्टी सर्वहारा तथा शोषित उत्पीडित वर्ग र जातिहरुको मुक्ति र उत्थानको नेतृत्व गर्ने राजनीतिक संगठन हो। र, आज युवा वर्गमा देखिएको राजनीतिक उदासिनता र विमुखिकरण तथा पलायनताको विषय सर्वहारा, शोषित उत्पीडित वर्ग र जातिका युवा वर्गसंग जोडिएको सवाल हो। त्यसकारण यो वर्गका युवाहरुमा वर्गीय राजनीतिको चेतना जागृत गराउने काम कम्युनिष्ट र कम्युनिष्ट पार्टी कै हो।

त्यसैले, प्रथमतः सोषित उत्पीडित वर्ग र जाति तथा शोषक उत्पीडक वर्ग र जातिका स्वार्थ र अभिष्ट एक अर्काका विपरित हुने विषयमा सर्वहारा, सोषित उत्पीडित वर्ग र जातिका युवा वर्गलाई बैचारिक र राजनीतिकरुपमा सचेत गराउन आबश्यक छ । त्यसका निम्ति वर्गीय दृष्टिकोणका आधारमा समय सापेक्षक विधि र प्रविधि अवलम्वन गर्नु पर्दछ। युवा वर्गमा वर्ग पक्षधरताको आधारमा शोषक, उत्पीडक प्रतिक्रियावदी वर्ग प्रति घुणा र अक्रोस पैदा गर्नु जरुरी छ। वर्ग समन्वय होइन वर्ग संघर्षमा होमिन उत्प्रेणाको खांचो छ। वर्ग संघर्ष वेगर वर्गीय मुक्ति हुन नक्ने तितो सत्यलाई आत्मसात गराउनु अनिवार्य छ। दोस्रो कुरा कम्युनिष्ट र कम्युनिष्ट पार्टीका नाममा दक्षिण पंथी अवसरवादीहरुले गर्ने गतिविधि र फैलाउने विकृति, विसंगति र भ्रमलाई चिरफार गरेर त्यो कुरा प्रष्टयाउनु जरुरी छ कि उनीहरु कम्युनिष्ट र कम्युनिष्ट पार्टीहरु होइनन्। उनीहरु त कम्युनिष्ट खोल ओढेका दलाल, नोकर शाह पूजिपति र सामन्तवादका छदम भेषी प्रतिनिधिहरु हुन् । तेस्रो कुरा तात्कालिन जीवनमा परेका समस्याहरुलाई भागेर होइन जागेर सामाना गर्न युवा वर्गलाई उत्प्रेरित गर्नु आवश्यक छ।

वर्गीय राजनीतिक चेतनाले ओत प्रोत युवा वर्गले नै विद्यमान जनविरोधी आर्थिक र राजनीतिक ब्यवस्थाको आमुल परिवर्तनका लागि नया जनवादी क्रान्तिमा निर्णाय भुमिका अदा गर्न सक्दछन् । अतः युवा वर्गमा देखिएको निरासा र पलायनता तथा राजनीतिक उदासिनता र विमुखिकरणको अन्त्यका लागि वर्गीय दृष्टिकोणका आधारमा समय सापेक्ष विधि र प्रविधि अवलम्वन गर्दै सोषित उत्पीडित वर्ग र जातिका युवा वर्गलाई कम्युनिष्ट आन्दोलनको राजनीतिमा सहभागि, संलग्न र सक्रिय बनाउनुको विकल्प छैन।

keshargurung@gmail.com
२०७३ माघ १६ गते, प्युठान, बागेसाल, दरभान

---

◆ झर्रोटर्री — कैलुब्राह

## देउवा-दाहाल

# हान्दोहोरी

**देउवा** : सिमसिमे पानीमा ज्यानले बैमान गर्छौ कि जिन्दगानीमा
तिम्लाई प्रम बनाको मैले हो, तिम्ले छोड्ने बेला पो कैले हो ?
सिमसिमे पानीमा ज्यानले ...... ।
चुनाव गर्न अलमल गर्दैछौ, मधेशीको निहुँखोजी भाग्दैछौ
सिमसिमे पानीमा ....... ।

**दाहाल** : मेरो मुटु भनेकै तिमी हौ, छातीभित्र तिमी नै तिमी छौ
सिमसिमे पानीमा सत्ता छोड्न मन छैन जिन्दगानीमा
मधेशी र केपीले हान्याछन्, जे गर्दानी उनैले मान्याछन्
सिमसिमे पानीमा ...... ।

**देउवा** : प्रम तिम्ले नगर जालझेल, भयौ तिमी असक्षम र फेल
सिमसिमे पानीमा तिम्ले बैमान गर्छौ कि जिन्दगानीमा
जोरी खोजे सरकारै ढाल्दिम्ला, एक्लै लुट्न तिम्लाइ त काँ दिम्ला
सिमसिमे पानी...... ।

**दाहाल** : प्रम तिम्ले बनाको काँ हो र, मलाई आशिष प्रभुको छ हेर
सिमसिमे पानीमा कुर्ची प्यारो भै'राछ जिन्दगानीमा
गर्नुसम्म गरेको गर्‍यै छ, भ्यागुताको धार्ने पो भैरा छ
सिमसिमे पानीमा ..... ।

**देउवा** : तिम्रो चाला ठिक छैन दाहाल, तिम्लाई पार्छन् प्रभुले बेहाल
सिमसिमे पानीमा तिम्ले बैमान गर्छौ कि जिन्दगानीमा
मलाई पनि कुर्चीकै लोभ बढ्यो, चुनाउ तिम्ले गर्दैनौझैँ भयो
सिमसिमे पानीमा ...... ।

**दाहाल** : कति किचकिच गरेको तिमीले, छैन धितै मरेको अहिले
सिमसिमे पानीमा सत्ता छोड्न मिल्दैन जिन्दगानीमा
मधेशीले हैरानै पार्‍या छन्, देश टुक्राउन सिकेलाई सार्‍या छन्
सिमसिमे पानीमा ..... ।

**देउवा** : अब धेरै पर्खिन मिल्दैन, भाका नाघ्न तिम्लाई त दिँदैन
सिमसिमे पानीमा तिम्ले बैमान गर्छौ कि जिन्दगानीमा
मलाई कति गाह्रो छ सिलाउन पार्टीभित्र झगडा मिलाउन
सिमसिमे पानीमा .....।

**दाहाल** : मलाई पनि अप्ठ्यारो भैराछ, एउटा तान्दा झन् पैरो गैराछ
सिमसिमे पानीमा कुर्ची छोड्न मिल्दैन जिन्दगानीमा
पार्टीभित्र सबैमा झगडा, अर्को भन्छ म नै छु तगडा
सिमसिमे पानीमा ..... ।

**दुबै** : हामी दुबै प्रभुका चेला हौँ, जसो भन्छन् प्रभुले त्यै गरौँ
सिमसिमे पानीमा मर्नु बाँच्नु भै'राछ जिन्दगानीमा
मधेशीलाई प्रभुले खेलाछन्, केपी, सिके उतैका चेला हुन्
सिमसिमे पानीमा देशै उतै बुझाऊँ है जिन्दगानीमा ।
त्यसपछि त हाइसन्चो हुनेछ, चुनाउ पनि उतैको हुनेछ
सिमसिमे पानीमा लेण्डुप बन्नै राम्रो छ जिन्दगानीमा ।

२३ माघ २०७३
kailubraha73@gmail.com

---

## अखिल (क्रान्तिकारी) काभ्रे अध्यक्षमा श्रेष्ठ

**बनेपा** । नेकपा (क्रान्तिकारी माओवादी) निकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) को काभ्रे जिल्ला भेला सम्पन्न भएको छ। काभ्रेको बनेपामा सम्पन्न भेलाबाट हरिबोल श्रेष्ठको अध्यक्षतामा २१ सदस्यीय जिल्ला समिति गठन भएको छ । समितिको उपाध्यक्षमा उत्तम विक, सचिवमा राम रिजाल र कोषाध्यक्षमा कल्पना लामासहित २१ सदस्य रहेका छन् । जिल्ला भेलामा क्रान्तिकारीका केन्द्रीय सहसंयोजक राम नेपाली, नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य कान्छामान तामाङ, केन्द्रीय सदस्य तथा जिल्ला सचिव सोमानसिंह तामाङ, देशभक्त जनगणतान्त्रिक मोर्चाका जिल्ला संयोजक गोपाल घिमिरे, अखिल (क्रान्तिकारी) ताम्सालिङ राज्य इन्चार्ज शिलु न्यौपानेलगायत सहभागी थिए।

## क्रान्तिकारी रुपन्देहीको जिल्ला भेला सम्पन्न

**भैरहवा** । नेकपा (क्रान्तिकारी माओवादी) निकट विद्यार्थी संगठन अखिल ( क्रान्तिकारी) को रुपन्देही जिल्ला भेला बुटवलमा सम्पन्न भएको छ। भेलाले सुमन न्यौपानेको अध्यक्षतामा १७ सदस्यीय जिल्ला समिति गठन गरेको छ।

भेलाले जिल्लाका सात वटै निर्वाचन क्षेत्रमा विद्यार्थीको क्षेत्रीय इन्चार्ज तोक्दै यही माघ २४ र २५ गते हुने राष्ट्रिय भेलामा रुपन्देही जिल्लाबाट प्रतिनिधि एवं पर्यवेक्षक समेत चयन गरेको क्रान्तिकारी रुपन्देहीका निर्वतमान अध्यक्ष एवं भैरहवा बहुमुखी क्याम्पसका पूर्व स्ववियु सभापति मोजीव अलीले जानकारी दिए। भेलामा नेकपा (क्रान्तिकारी माओवादीका) केन्द्रीय सदस्य अशोक लम्साल 'अनुकुल', देशभक्त जनगणतान्त्रिक मोर्चाका केन्द्रीय सदस्य केजी पौडेललगायतले शुभकामना दिएका थिए।

# अन्तर-साम्राज्यवादी अन्तरविरोध र सर्वहारा क्रान्ति



केशरमणि कटुवाल

**मध्यपूर्वको शान्तिको बाधक को हो ?**

लामो समयदेखि इजरायल र प्यालेस्टाइनबीचकको संघर्षका कारण मध्यपूर्व अशान्त बन्दै आएको छ। इजरायलले पश्चिमा शक्तिको आडमा जारी राखेको प्यालेस्टाइनी भूमिमाथिको हस्तक्षेपका कारण सो क्षेत्रमा देखिएको द्वन्द्वले पुनः प्राथमिकता पाएको छ। इजरायल र प्यालेस्टाइनबीचको विवाद नयाँ नभएर आधा शताब्दीभन्दा लामो समयदेखि सिर्जित शृंखलाबद्ध अतिक्रमको परिणाम हो, आजको इजरायल-प्यालेस्टाइन द्वन्द्व। शासक वर्गले बेलैमा अन्तर्राष्ट्रिय क्षेत्रबाट भएको अतिक्रमणलाई हटाउँन नसक्नु र सबैखाले अन्यायलाई सहनु पनि आज प्यालेस्टाइनी जनताले बेहोर्नुपरेको भिषण संघर्षको कारक हो। वास्तममा यो दुवैले एकै क्षेत्रमा गरेको दाबीको संघर्ष हो। यो द्वि-राज्य सिद्धान्तका केही प्रयास भएपनि त्यसले सार्थकता पाउन सकेको छैन। दुवै राज्यका जनताले द्वि-राज्य सिद्धान्तबाट अघि बढ्नुपर्ने बताउने गरेपनि के त्यो सम्भव छ ? भन्ने प्रश्न सधैं जन्मिने गर्छ। प्यालेस्टाइनी पश्चिम किनारा, पूर्वी जेरुसेलम र गाजा पट्टीलाई भविष्यको आफ्नो राज्यका रुपमा मान्दछन्। जसलाई केही इजरायलीले पनि स्वीकार गर्दछन्। तर सोही क्षेत्रमा इजरायलले निर्माण गरेका अवैध यहुदी बस्तीहरु यसको बाधकका रुपमा खडा हुँदै आएका छन्। दुई राज्यलाई एक, वा एकभित्र द्वि-राज्य सिद्धान्तको लडाई नै इजरायल-प्यालेस्टाइन संघर्ष हो।

**अमेरिकी नीति**

इजरायल र प्यालेस्टाइनबीचको विवादको एउटा मुख्य विषय अमेरिकी हस्तक्षेप पनि हो। जसले यो विषयलाई कहिल्यै अन्तर्राष्ट्रिय फोरममा जान दिएन। त्यतिमात्रै होइन, यो विवादले अमेरिकाकै कारण राष्ट्र संघमा समेत प्रवेश पाउन सकिरहेको थिएन। तर पछिल्लो समयमा अमेरिका तटस्थ बसेपछि सुरक्षा परिषदका १५ मध्ये १४ देशले इजरायली बस्ती विस्तार योजना तत्काल रोक्न निर्देशन दियो। यसबेला अमेरिकाले मध्यपूर्वको शान्तिका लागि दुवै देशको अडानबाट सम्भव नहुने बताएपछि अमेरिका र इजरायलको सम्बन्ध चिसिन पुग्यो। ट्रम्प प्रशासन पुनः इजरायली विस्तारवादी, हेपाहा नीतिकै पक्षमा देखिएपनि केहीदिन अघि मात्रै ह्वाइट हाउसले इजरायली वस्ती विस्तार शान्ति स्थापनाका लागि सहयोगी नहुने भन्दै वक्तव्य निकाल्यो। यसलाई अमेरिकाको आफ्नो नीतिमा आएको यु-टर्नका रुपमा हेरिएको छ। तर यसको कार्यान्वयनको पाटो हेर्न अझै बाँकी छ। गत डिसेम्बरमा ओबामा प्रशासले यही तर्कका आधारमा राष्ट्रसंघ सुरक्षा परिषदमा इजरायलविरुद्धको प्रस्तावमा भिटो प्रयोग गरेको थिएन। अन्तर्राष्ट्रिय कानुन अनुसार पनि अवैध रुपमा बसाईएका बस्ती शान्तिका लागि बाधक हुन नहुने ह्वाइट हाउसले बताउँदै इजरायली बस्ती विस्तारलाई समर्थन गरिरहेको थियो। पश्चिमी किनारामा इजरायलले बसालेको अवैध बस्ती यस क्षेत्रको हिंशाको कारण र इजरायल र प्यालेष्टाइन तनावको मुख्य कारक हो।

यस क्षेत्रमा बनाइएका १४० बस्तीमा ६ लाख भन्दा बढी यहुदी बस्दै आएका छन्। इजरायलले सन् १९६७ देखि पश्चिमी किनारा र पूर्वी जेरुसेलममा अवैध बस्ती बसाएको थियो। यी बस्ती अन्तर्राष्ट्रिय कानुन विपरित भए पनि यसलाई इजरायलले अस्वीकार गर्दै आएका छ। ओबामा प्रशासनले साथ छाडेपनि ट्रम्पले साथमा लिएर अगाडि बढ्ने अभिव्यक्ति दिएका थिए। इजरायलले पछिल्ला दुई सातामा मात्रै प्यालेस्टाइनी क्षेत्रमा ३ हजार घर निर्माण गर्ने घोषणा गरेको चौथो पटक हो। त्यसो त यहुदी बस्तीबारे इजरायलभित्रै मतैक्यता देखिएको छैन। प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले बस्ती निर्माणको घोषणा गरेको केही घन्टामा नै अदालतले अवैध बस्ती खाली गराउन आदेश दिएको छ र सेनाले त्यसलाई कार्यान्वयन गरिरहेको छ। इजरायलले अनाधिकृत रूपमा कब्जा गरी बस्ती बसालेको प्यालेस्टाइनको सो भूभागमा बसिरहेका मानिसहरूलाई ४८ घण्टाभित्र बस्ती खाली गर्न मंगलबार नै आदेश दिएपनि स्थानीयले आफू बसेको स्थानबाट नसर्ने दाबी सहित प्रतिकार गरिरहेका छन्। अहिले पुनः इजरायलले जुदी-सामारियामा ३ हजार नयाँ घर निर्माण गर्ने बताएको छ। जसले लामो समयदेखिको द्वन्द्व पुनः ब्युताएको छ। इजरायलले सन् १९६७ देखि प्यालेस्टाइनको पूर्वी जेरुसेलम र पश्चिमी किनारा कब्जा गरी बस्ती बसाउने कार्य थालेपछि सो क्षेत्रमा हिंसात्मक घटनाहरू भइरहेका छन्। अमोनामा बसिरहेका मानिसहरूले थप घरहरू बनाउन थालेसँगै त्यहाँका प्यालेस्टाइन समर्थकहरूले विरोध गरेका थिए। उनीहरूको विरोधसँगै बस्ती खाली गर्ने निर्णय अगाडि बढेको थियो। अधिकांश विश्वले पश्चिमी किनारमा बसेको बस्ती अवैध भएको बताउँदै आएको छ।

**इतिहासमा प्यालेष्टाइन**

शताब्दिऔंसम्म यहाँ कुनै द्वन्द्व थिएन्। १९ औं शताब्दीसम्म जातीय तथा धार्मिक विविधतायुक्त यो भूमीमा ८६ प्रतिशत मुस्लिम, १० प्रतिशत क्रिष्चियन र ४ प्रतिशत यहुदीहरुको बसोबास रहेको थियो। त्यसपछि रणमैदान बन्यो र यहुदी अतिवाद हाबी हुँदै गयो। उनीहरुको लक्ष्य भनेको यहुदी बस्ती बसाल्नु थियो। सुरुमा उनीहरुको आप्रवासनले यहाँ कुनै समस्या ननिम्त्याएपनि क्रमिक रुपमा उनीहरुको जनसंख्यामा वृद्धि हुँदै गयो र द्वन्द्व चर्किदै गयो। यसका कारण मध्यपूर्व अशान्त रहँदै आएको छ। पहिलो विश्वयुद्ध पूर्व मध्य पूर्वको यो भूमि अटोमन साम्राज्यको अंश थियो। अटोनमन सिरिया (प्यालेष्टाइनको भूमिसहित) अटोमन शासकले ४ सय वर्षसम्म यो भूमिमा राज गरेका थिए। यही भूमिमा जियोनिष्टहरुको आन्दोलन चर्कियो। प्यालेस्टाइनमा जियोनिष्टहरुले आफ्नो ऐतिहासिक भूमि घोषणा गर्दै त्यसलाई इजरायलको भूमिको रुपमा घोषणा गर्दै विश्व जियोनिष्ट संगठन र जिउज राष्ट्रिय कोषले अटोमन सम्राज्य र ब्रिटिस साम्राज्यको अधिनमा रहेको प्यालेष्टाइन भूमि किन्दै यहुदी आप्रवासीहरुको बस्ती बसाल्न सुरु गरेका थिए।

प्यालेष्टाइन भूमिमा यहुदीहरुको जनसंख्या बढ्दै जाँदा यस भूमिमा यहुदीहरुको व्यवसाय तथा आप्राबासीहरुको संख्या बढ्यो। त्यहाँका स्थानीय आदिबासी तथा अरब मुलका बासिन्दाहरु अल्पमतमा पर्न थाले। सन् १८९२ मा अरब मुलका बासिन्दाहरुले आन्दोनल सुरु गरे। अटोमन शासकले प्यालेष्टाइन भूमि विदेशी नागरिकका लागि विक्री गर्न रोक लगायो। यतिवेलासम्म प्यालेष्टाइनको जनसंख्या ६० हजार थियो जसमध्ये ३३ हजार आप्रवासी थिए।

दोस्रो विश्व युद्धकै क्रममा वालफोर घोषणा भयो। यो सन्धीमा बेलायत र फ्रान्सको प्रभाव थियो। यो घोषणाले आप्रवासीहरुको समर्थन र प्यालेटाइनमा यहुदीको बस्ती बनाउने कुराको समर्थन गऱ्यो। पहिलो विश्व युद्धकै क्रममा मध्य पूर्वको अटोमन साम्राज्यले बेलायत र फ्रान्ससँग लड्नका लागि जर्मनीसँग आपसी रक्षा सन्धी गऱ्यो। उसले बेलायत र फ्रान्स विरोधी शक्तिसँग हात मिलायो। यही अवस्थामा प्यालेष्टाइनमा रहेका यहुदी तथा अरब मुलका बासिन्दाले अटोमन साम्राज्यबाट मुक्त हुनका लागि बेलायत, फ्रान्स र रुस सम्मिलित ध्रुबको समर्थन गरे।

सन् १९१५ मा अरब, ग्रेट अरब रिभोल्ट सुरु भएको थियो सन् १९१६ मा भएको एंलो फ्रेन्च पिकोट सन्धीले बेलायत साम्राज्यलाई अहिलेको जोडर्न, इजरायल, प्यालेष्टाइन र इराकको भूमि दियो। बालफोर घोषणाले यहुदी बस्तीका लागि जोडर्न नदीको दुबै किनारमा बस्ती बसाल्न समर्थन गरको थियो। पहिलो विश्व युद्धको समाप्तिसँगै प्यालेष्टाइन र ट्रान्स जोर्डन क्षेत्र (हालको इजरायल), जोर्डन पश्चिमी किनारा, र गाजापट्टी वेलायतको अधिनमा आयो। यो क्षेत्रमा वेलायतको शासनकालमा सन् १९१९ देखि १९२६ सम्ममा ९० हजार आप्रवासीहरु प्यालेष्टाइन पुगे। यो समयमा युक्रेनमा यहुदीहरुमाथि आक्रमण बढ्यो। करिब एक लाख यहुदीहरु मारिए। त्यसैको प्रभावमा प्यालेष्टाइनमा यहुदी आप्रबासीहरुको संख्या बढ्दै गयो। यो संख्या जर्मनीमा नाजी शासन शक्तिमा आएपछि दोब्बर बढेर गयो।

**अरब आन्दोलन**

प्यालेष्टाइनमा यहुदीहरुको जनसंख्या बढ्दै गएपछि अरब मुलको जनसंख्या अल्पमतमा पर्न थाले। आप्रवासीको संख्या बढ्न थालेसँगै त्यहाँका आदिवासी अरब मुलका बासिन्दाले आफ्नो भूमि बेच्न अस्वीकार गर्न थाले। यसले अरब आन्दोलनको बीउ रोपियो। यहुदीविरुद्ध यस भूमिमा पहिलो पटक जाफ्रा आन्दोलन भएको थियो। सन् १९३६ मा प्यालेष्टाइन विदेशी साम्राज्य र उपनिवेशका विरुद्ध आन्दोलित भयो। यो आन्दोलनले राजनीतिक दलको जन्म दियो। जेरुसेलमका मुफ्ती अल हज अमिन अल हुसेनीको नेतृत्वमा गठन भएको अरब हाइयर कमिटिले राष्ट्रिय सरकार गठनको माग गर्दै स्थानीयहरुलाई यहुदी आप्रवासीविरुद्ध संघर्षको शंखघोष गऱ्यो। प्यालेष्टाइनमा रहेका ब्रिटिस सैनिक तथा प्रहरी चौकीमा आक्रमण हुन थाले। आन्दोलनका क्रममा सयौंले ज्यान गुमाए। आन्दोलनको नेतृत्व गरेका मुफ्ती भागेर लेबनान पुगे। लेबनानबाट नै उनले आन्दोलन परिचालन गरे। आन्दोलन नरोकिएपछि सन् १९३७ मा प्यालेष्टाइन दुई राज्यमा विभाजन गर्ने प्रस्ताव गऱ्यो, एउटा अरब राज्य र अर्को यहुदी राज्य। यहुदी राज्यमा जोर्डन नदीको किनाराका समथर भूमी, जर्जिल उपत्यका गलिलीलगायतका भुभाग र अरब राज्यमा ट्रान्स जोर्डन क्षेत्र, जुडेअ, सामारिया, जोर्डन उपत्यका र नेगेभ रहने प्रस्वता गरिएको थियो। आप्रवासी यहुदी राज्य पाएपछि खुसी भएपनि आफ्नै भूमी गुमाएको अरब समुदायले त्यसलाई स्वीकार गरेन। मध्यपूर्व अशान्त बन्दै गएपछि सन् १९३९ मा ब्रिटिस सरकारले प्यालेष्टाइनलाई एक राज्यको रुपमा राख्ने र यहुदीहरुको आप्रवासन नियन्त्रण गर्दै जाने निर्णय गऱ्यो। तर बेलायती साम्राज्यको पतनपछि दोस्रो विश्वयुद्धका क्रममा प्यालेस्टाइनीले यहुदी हटाउने शर्तमा जर्मनीलाई साथ दियो। दोस्रो विश्व युद्धसँगै यहुदीहरु हतियार उठाए। यसक्रममा युरोपमा रहेको यहुदी आप्रवासी यो क्षेत्रमा प्रवेश गरे र सन् १९४६/४७ मा करिब ७० हजार यहुदीहरु प्यालेष्टाइन भूमिमा प्रवेश गरे।

**संयुक्त राष्ट्रको प्रवेश**

१५ मे १९४७ मा संयुक्त राष्ट्र संघको महासभाले प्यालेष्टाइनको राजनीतिक घटनाको अध्ययन गर्न राष्ट्र संघीय समिति गठन भयो। समितिमा अष्ट्रेलिया, क्यानाडा, चेकोस्लोभाकिया, ग्वाटेमाला, भारत, इरान, नेदरल्याण्ड, पेरु, स्वीडेन, उरुग्ये र युगोश्लाभाकियाका प्रतिनिधि समावेश थिए। ३ सेप्टेम्बर १९४७ राष्ट्र संघको रिपोर्टमा समितिले प्यालेष्टाइनको भूमिलाई तीन भागमा विभाजन गर्ने निर्णय भयो। ११ हजार वर्ग किमि क्षेत्रफलको अरब राज्य, १५ हजार वर्ग किमिको यहुदी राज्य र जेरुसेलम तथा वेथलेहमलाई राष्ट्र संघको नियन्त्रणमा राख्ने निर्णय भएपछि दुबै राज्य असन्तुष्ट भए। यहुदीहरु आफ्नो बाहुल्य भएको जेरुसेलम गुमाउन चाहेनन्। अरब राज्यका धेरै जनसंख्या यहुदी राज्यमा फस्ने भन्दै अरब लिगका विरुद्ध यहुदीलाई स्वतन्त्र राज्य दिने निर्णयको विरोध गरे। २९ नोभेम्बर १९४७ मा महासभाले बेलायतलाई प्यालेष्टाइनमा नयाँ सरकार गठनको लागि म्याण्डेट दियो।

**स्वतन्त्र इजरायल र अरब-इजरायल युद्ध**

१४ मे १९४८ मा प्यालेष्टाइनका यहुदी नेता यिशुभको नेतृत्वमा इजरायलले स्वतन्त्रताको घोषणा गऱ्यो। उनीहरुले प्यालेष्टाइनको यहुदी राज्यलाई स्वतन्त्र इजरायल बनाउने घोषणा गरे। राष्ट्र संघको सिद्धान्त अनुरुप आफूलाई स्थापित गर्ने घोषणासहित इजरायल छुट्टिएसँगै इजरायल र अरबबीच युद्ध सुरु भयो। अरबका पाँच राष्ट्रले प्यालेष्टाइनको पुरानो भूमि तेलअभिभमा हवाइ आक्रमण गरे। लेबनान, सिरिया, इराक, र इजिप्टबाट अरब सेनाले इजरायल माथि धावा बोले। साउदी अरबले आफ्ना सैनिक इजिप्टको कमाण्डमा युद्धमा पठायो। यही युद्धसँगै इजरायललाई अमेरिकाले साथ दिन थालेको हो। त्यसपछि इजरायलले यहुदी भूमी भन्दा अन्य क्षेत्र पनि कब्जा गर्न थालेको हो। इजरायलले एक पछि अर्को गर्दै प्यालेस्टाइनको पक्षमा रहेका देशलाई सन्धीमा हस्ताक्षर गरायो।

सन १९६४ मा जेरुसेलममा प्यालेष्टाइन स्वतन्त्रता संगठन (पीएलओ) गठन भयो। यसको उद्देश्य अरब साम्राज्यबाट प्यालेष्टाइनलाई स्वतन्त्र बनाउनु थियो। यो संगठन गठनसँगै विस्थापित प्यालेष्टाइनी स्वदेश फर्किन थाले। सन् १९६७ जुनमा इजरायलले इजिप्ट, सिरिया र जोर्डन विरुद्ध ६ दिने युद्धका क्रममा इजिप्टको सिनाई पेनिसुला, सिरियाको गोलान हाइटस् र जोर्डनको पश्चिमि किनारा नियन्त्रणमा लियो। यो युद्धका बेला साढे दुई लाख प्यालेष्टाइनी विस्थापित भए। १ सेप्टेम्वर, १९६७ को अरब सम्मेलनले इजरायलाई राज्यको रुपमा अस्वीकार गगऱ्यो।

**यासेर अराफातको उदय**

सन् १९६९ मा यासेर अराफात पीएलओको अध्यक्षमा निर्वाचित भएपछि सैन्य शक्तिलाई पीएलओको अधिनमा ल्याए। १९७० मा प्यालेष्टाइनको गुरिल्ला संगठनले जोडर्नको सत्ता ढलाउने प्रयास गरेपछि जोर्डनका राजा हुसेनले उनीहरुलाई निशस्त्र पार्न निर्देश दिए। यो गृहयुद्धमा हजारौँ प्यालेष्टाइनी मारिए। गृहयुद्धकै समयमा सिरियाले जोर्डनमाथि हमला गऱ्यो। प्यालेष्टाइनी गुरिल्लाको पराजय र सिरियाली सेनाको फिर्तीपछि युद्ध सकियो। यो असफल प्रयासपछि जोर्डनमा रहेका पीएलओका नेताहरु लेबनान गए। सन् १९७२ को ओलम्पिकमा सहभागी हुन जर्मन गएका इजरायली ११ एथलेटिक्स खेलाडीको हत्या भयो। घटनाका दोषी ठहर गरिएका २ सय प्यालेष्टाइनी र दुई जर्मन सेनालाई बन्दी बनाइयो।

सन् १९७३ को अक्टोबरमा इजिप्टले आक्रमण गरेपछि पूर्वी किनाराबाट इजराली बस्ती पश्चिम किनारा पुग्यो। यो युद्धमा इजिप्टलाई सोभियत युनियन र इजरायललाई अमेरिकाले साथ दिएका थिए। सन १९७४ मा भएको अरब लिगको सम्मेलनबाट पीएलओले प्यालेष्टाइन जनताको प्रतिनिधिको रुपमा मान्यता पायो। यसका नेता यासेर अराफात लिगमा सहभागी भए। अरबका २० राष्ट्रले प्यालेष्टाइनलाई अरब सैनिकबाट मुक्त गर्न माग गरे। जोर्डनले यसको विरोध गऱ्यो। अरब लिगको यो मान्यतापछि सन् १९७५ मा राष्ट्र संघको महासभाले यहुदी संगठनलाई नश्लवादीको संज्ञा दियो।

**स्वतन्त्र प्यालेष्टाइनको झण्डा**

९ डिसेम्बर १९८७ देखि १९९३ सम्म जारी रहेको 'इन्तिफाडा' अभियान स्वतन्त्र प्यालेष्टाइनको झण्डा फराउने पहिलो कदम हो। पीएलओले नेतृत्व गरेको यो अभियानमा हिंशा हुन थालेसँगै राष्ट्र संघको पहलमा वार्ता भयो। इजरायल पीएलओलाई मान्यता दिन र पश्चिमी किनारा र गाजापट्टीको केही भूभाग फिर्ता गर्न बाध्य भयो।


यही समयमा प्यालेष्टाइन भूमिबाट इजरायललाई लखेट्न हमासको स्थापना भयो। सन् १९८७ मा प्यालेष्टाइनबाट विस्थापित धर्म गुरु सेख अहमद यासिनले हमासको स्थापना गरि युद्धको घोषणा गरे। पीएलओका अध्यक्ष यासेर अराफातले १५ नोभेम्वर १९८८ मा स्वतन्त्र प्यालेष्टाइनको घोषणा गरे। उनको यो घोषणामा पनि प्यालेष्टाइनको सीमाना उल्लेख छैन। उनले परिकल्पना गरेको राज्यमा इजरायलले नियन्त्रणमा लिएको जोर्डन नदीको पश्चिमी किनारा, गाजापट्टी, जेरुसेलमलाई समावेश गरिएको थियो। प्यालेष्टाइन नेशसनल काउन्सिलको बैठकमा मतदान मार्फत यो निर्णय पारित गरियो। यो बैठकलाई इजरायललेसमेत मान्यता दिएको थियो। स्वतन्त्र प्यालेष्टाइनको पक्षमा २५३ मत पर्दा ४६ मत विपक्षमा परेको थियो।

अन्त्यमा, मध्य पूर्वको अशान्तिको कारक इजरायल-प्यालेस्टाइन द्वन्द्व रहँदै आएको छ। सन् १९९३ मा दुई राष्ट्रबीच ओस्लो सन्धीमा हस्ताक्षर भएपनि एकले अर्कोमाथि आक्रमण गर्ने क्रम जारी नै छ। इजरायलले पश्चिम किनारा, पूर्वी जेरुसेलम, गाजापट्टीजस्ता क्षेत्रमा निरन्तर आक्रमण र हस्तक्षेप गरिरहेको छ। २००३ जुनमा इजरायलले पश्चिमी किनारामा पर्खाल तथा विद्युतीय फेन्स निमार्ण सुरु गऱ्यो। सन् २००६ जुनमा भएको निर्वाचनमा प्यालेष्टाइनको संसदमा हमासले बहुमत प्राप्त गऱ्यो। २००७ मा हमासले गाजालाई नियन्त्रणमा लियो। प्यालेष्टाइनको सत्तामा हमासको सत्तारोहणसँगै यस क्षेत्रमा हिंशा झन चर्कियो। सन् २००९ मा इजरायलको सत्तामा बेञ्जामिन नेतान्यू आए। उनको आगमनसँगै इजरायलले प्यालेष्टाइनको भूमिमा अवैध बस्ती बसाउने कार्यलाई तिव्रता दियो। इजरायल र प्यालेस्टाइनबीच जति नयाँ पुस्तामा नेतृत्व आएपनि हस्तक्षेप र स्वतन्त्रताको लुकामारी चलि नै रहेको छ। अवैध इजरायली वस्ती मध्यपूर्वको शान्तिका लागि अभिसापका रुपमा रहँदै आएको छ। त्यतिमात्रै होइन, साम्राज्यवादी मुलुकहरुले साना राष्ट्रलाई कसरी आफ्नो खेलौनाका रुपमा प्रयोग गर्छन। एक समयमा भएको गल्तीले दशकौंसम्म कसरी त्यो क्षेत्र रणभूमिमा र क्रिडाभूमिमा परिणत हुन्छ भन्ने उदाहरण पनि हो यो द्वन्द्व।



*मध्य पूर्वको अशान्तिको कारक इजरायल-प्यालेस्टाइन द्वन्द्व रहँदै आएको छ। सन् १९९३ मा दुई राष्ट्रबीच ओस्लो सन्धीमा हस्ताक्षर भएपनि एकले अर्कोमाथि आक्रमण गर्ने क्रम जारी नै छ। इजरायलले पश्चिम किनारा, पूर्वी जेरुसेलम, गाजापट्टीजस्ता क्षेत्रमा निरन्तर आक्रमण र हस्तक्षेप गरिरहेको छ। २००३ जुनमा इजरायलले पश्चिमी किनारामा पर्खाल तथा विद्युतीय फेन्स निमार्ण सुरु गऱ्यो। सन् २००६ जुनमा भएको निर्वाचनमा प्यालेष्टाइनको संसदमा हमासले बहुमत प्राप्त गऱ्यो।*

# सपना र जीवन



धनेश्वर पोखरेल

"सपना देख्नेहरुनै संसारका रक्षक हुन्"

*- वेलायती लेखक जेम्स आलेन*

जीवनको लक्षित उद्देश्य हो सपान
आन्तिम गन्तव्यमा पुग्ने
अविरल यात्रा हो सपना
ज्युँदा मान्छेहरुको निम्ति
कहिल्यै नमर्ने दृढ अठोट हो सपना
मृत लासहरुमा
कहिल्यै नजाग्ने अजिव बस्तु हो सपना
कसैले जबर्जस्त मारेर मर्दैन सपना
कसैले जबर्जस्त ढालेर ढल्दैन सपना
सपना विचार हो /आस्था हो
विचार मार्नेहरु सपना वचाउन सक्तैनन्
आस्था ढाल्नेहरु सपना जगाउन सक्तैनन् ।

**१) मान्छेले देख्ने सपना**

ज्यूंदा मान्छेहरु सपना देख्छन् । सपना देख्नु राम्रो कुरा हो । भनिन्छ मान्छेले साझ सुत्ने वेला जुनकुरा सोचेर सुतेको हुन्छ उस्ले सपान पनि त्यस्तै देख्छ । तर यो अपवाद मात्र हो । कहिले काही मानीसले कल्पना नै नगरेको कुरा सपनामा इवाट्ट देखिन्छ । सपना र जीवन अन्योन्याश्रित चीज हो । सपना भविष्य पनि हो, हिजोको सपना आजको वर्तमान पनि हो । सपना हाम्रो मस्तिष्कमा आउने तरंग हो । सपना र कल्पना उस्तै-उस्तै चिज हुन् । सपना निदाएको वेला मात्र देखिन्छ भने कल्पना व्यूँझेको वेला चिन्तन र मनन गरेर हुने चिज हो । सपना कस्तो देख्ने ? भन्ने कुरा हरेक व्यक्तिले सोच्ने चिन्तन मनन गर्ने कुरामा भरपर्छ । अग्रगामी चिन्तन र विचार राख्ने व्यक्तिले देख्ने सपना र पश्चगामी चिन्तन र विचार राख्ने व्यक्तिले देख्ने सपना फरक-फरक हुन्छन् । त्यस्तै जड्याँहा र जुवाडेहरुको देख्ने सपना र असल मान्छेले उस्ले सपना फरक नै हुन्छ । जुवाडेको चिन्तन रातदिन जुवामा नै हुने भएकोले उस्ले सपना पनि जुवा खेलेको कैले जितेको, कैले हारेको, कैले भट्टीमा झगडा गरेको आदी आदी सपना देख्छ । त्यस्तै यौटा जँड्याहाले कैले भट्टीमा बसेर मस्तीसँग रक्सी धोकेको, कैले खान नपाएर तड्पिदै सडकमा भौरिएको, कैले रक्सी खानको निम्ति अरुसँग हात थाप्दै हिडेको, कैले कसैसँग झगडा गरेको आदि-आदि देख्ने गर्छ । विद्यार्थीले पढाईको सपना देख्छ । यौटा कर्मचारी जागिरको सपना देख्छ । किसानले कृषि, खेतीपाती राम्रो भए नभएको मल, बिउ औजार बजार व्यवस्थापन र आफ्नो जीवनचर्या सपना देख्छ । यौटा मजदुरले आफ्नो दैनिक जीवनमा भोगी रहेको पीडा र रोजीरोटीको सपना देख्छ । सर्वहारा सुकुम्बासीले आफ्ना दर्दनाक तथा र व्यथाहरु तिनबाट मुक्ति पाउने जुक्तिबारे सपना देख्छ । कुनै पनि जातीय, बर्गीय, लिङ्गीय र क्षेत्रीय उत्पीडनमा परेको हरेक व्यक्तिले आफू र समाजको बारेमा सपना देख्छ ।

त्यस्तै हरेक व्यवसायीले आफ्नो व्यवसाय, उद्योग, धन्दा, नाफा, घाटा र कुवेरपतिको सपना देख्छ । सपना जोगी भिक्षुहरुको पनि मठ मन्दिर भवावान देवता, स्वार्ग, नर्क, कर्म, लुट आदिको सपना देख्छन् ।

यहाँ सवाल यो धर्तीमा बाँचेका मान्छेहरुले सपना देख्छन् कि देख्दैनन् भन्ने होइन । समग्रमा मान्छेले कुन विचार र दृष्टिकोणका आधारमा कस्तो सपना देख्छन् भन्ने हो । आफूले देखेको सपनालाई विपनामा बदल्न मान्छे आफ्नो दृष्टिकोण र दर्शनमा कत्तिको प्रतिवद्ध छ, सुरुदेखि अन्तिमसम्म कत्तिको दृढतापूर्वक इमान्दारीका साथ लागिपरेको छ भन्ने नै हो । सपनालाई हामीले संकुचित घेराभित्र कैद गरेर व्यख्या र विश्लेषण गर्नु गलत हुन्छ । सपनालाई विहंगम अर्थमा अर्थ्याउन सकिन्छ । तर कहिले काहीं विना लक्ष्य हावामा उडेको, मानव जीवनले पत्ता लगाउन नसक्ने अलौकिक स्थानमा पुगेको सांसारिक दुनियाँभन्दा धेरै टाढा रहेको कोरा सपना देख्नु र सपनालाई जीवनको लक्ष र उद्देश्यसँग गाँसेर भोलिको भविष्यसँग सम्बन्धित विषय वस्तुलाई चिन्तनमनन गर्नुको अर्थ र महत्व हुन्छ । लक्ष र उद्देश्यविनाको सपनालाई कोरा सपना अर्थात् हवाई सपान भने सामाजिक परिभाषा छ । सामाजिक रुपान्तरण र आमूल परिवर्तनको निम्ति सहि दुरगामी दृष्टिकोण, सहि सिद्धान्त र उच्च आर्दशसहितको सपना देख्नु र त्यसलाई साकार तुल्याउनु हजारौं प्रतिकूलतालाई चिर्दै र त्याग र वलिदानी भावका साथ हरेक चुनौतिसंग मुकाविला गर्दै आफ्नो वर्गीय मुक्तिका निम्ति निरंतर खट्नु र सुन्दर भविष्य प्राप्तिका लागि समग्र रुपले लागिपर्न' नै वास्तविक जीवनको यथार्थबोध हो । त्यो नै यो धर्तीमा जन्मेका र यो धर्ती र दुनियाँको निम्ति केहि गर्न बाँचेका ज्यूँदा मान्छेहरुको वास्तविक सपना हो ।

**२. क्रान्तिकारीहरुले कस्तो सपना देख्ने ?**

मालेमावादलाई मार्ग निर्देशन सिद्दान्त मान्ने जो कोहि क्रान्तिकारी कम्युनिस्टहरुले देख्ने सपना भनेको निरंतर क्रान्तिकारी आन्दोलनले धक्का (दबम दबअप) खाईसकेपछि कैयौं मान्छेहरुले निरासा, पलायनता र अकर्मण्यताको सिकार बनेका छन् । कैयौ आफुलाई दिग्गज ठान्ने मार्क्सवादका पंडितहरु समेत मालेमावादी विचार, सिद्धान्त र सर्वहारा विश्व दृष्टिकोणबाट च्यूत भएर प्रकारान्तरले प्रतिक्रान्तिको सेवा गर्न पुगेका छन् । कैयौले नेपालमा अब क्रान्ति संवभ छैन । मालेमावाद पुरानो भयो, अब त्यसको आवश्यकता छैन । अहिलेको दुनियाँमा कोहि पनि सर्वहारा छैन, आदि आदि भनेर क्रान्तिकारी विचार र आर्दशबाट विस्तारै पछाडि हट्दै आफ्नो दील र दिमागबाट मार्क्सवादी विश्वदृष्टिकोणलाई डिलिट गर्दै छन् र गरिराखेका छन् । यो निकै चिन्ताको विषय हो । कम्युनिस्ट आन्दोलनमा एक दुई हार र प्रतिधक्का कै कारण दिमागबाट क्रान्तिकारी विचार र आर्दशलाई नै विस्थापित गर्ने कुरा न त मार्क्सवादसंवत हुन सक्छ न त द्वन्द्वात्मक भौतिकवादसंवत नै । एकथरि साथीहरु क्रान्तिको सपना देख्न छाडेर पुँजीवादी संसदवाद सपना देख्न थालेका छन् र त्यसैमा आफ्नो भविष्य देखेर गरेर वत्तिमा पुतली होम्मिए झै मालेमावादी विचार र सर्वहारा वर्गको आर्दश परित्याग गरी इवाम इवामम्ती पुँजीवादी संसदवादमा होमिन थालेका छन् । उनीहरुको निम्ति यो दुनियाँमा क्रान्ति असंभव भै सकेको छ । हाम्रा अग्रजहरुले साम्राज्यवादी युगलाई उस्को मरणसन्न युग र साम्राज्यवादलाई कागजी बाघको रुपमा परिभाषित गरेका छन् र सर्वहारा युगलाई सुदूर भविष्यको सुन्दर युग भनेका छन् तर मार्क्सवादलाई पुरानो भयो भनेर व्याख्या गर्ने र दिमागबाट क्रान्तिकारी विचार डिलिट गर्ने हिजोका क्रान्तिकारीहरुले अहिलेको साम्राज्यवादलाई साच्चैको बाघ देखेर डरले थर्कमान भएका छन् र त्यसलाई कहिल्यै जित्न नसकिने अजंगको वस्तुको रुपमा परिभाषित गर्न थालेका छन् । त्यसैले उनीहरु जनताको जीत क्रान्तिको जीत, सर्वहारा वर्गको जीत, सहि विचार आर्दशको जीतको कुरालाई अस्वीकार गर्दै संसदवादको सुगुर खालमा आँखा चिम्लेर हाम फालेका छन् । जनताको शक्तिलाई कमजोर ठान्नु, सर्वहारा वर्गलाई कमजोर ठान्नु, क्रान्तिभित्र अन्धकार देख्नु र प्रतिक्रान्तिलाई उज्यालो ज्योति ठान्नु उनीहरुको दृष्टिकोण मात्र नभएर सर्वहारा दृष्टिकोण र मालेमावादी विचारमा आएको गंभीर विचलन हो ।

इतिहासले के कुरा सावित गर्दै आएको छ र द्वन्द्वात्मक भौतिकवादले के कुरा प्रमाणित गरेको छ भने क्रान्तिपछि प्रतिक्रान्ति, प्रतिक्रान्तिपछि पुनः क्रान्ति उज्यालोपछि अँध्यारो र अँध्यारोपछि पुनः उज्यालो, हारपछि जीत, जीतपछि हार र फेरि जीत, सफलतापछि असफलता र फेरि सफलता, आँसुपछि हाँसो अनिवार्य हुने गरेको छ । यो द्वन्द्वात्मक भौतिकवादभित्र पर्ने विज्ञानको अनिवार्य नियम हो । मानिस जन्मँदा खुसी हुनु र मर्दा शोकविहल हुनु मानवीय स्वभाव हो । तर जन्मँदा मर्नै पर्दैन कि जस्तो गरी भाव उत्तेजित हुने र मर्दा फेरि अर्को मान्छे जन्मिन सक्तैन कि जस्तो गरी निरास हुने यी दुवै अति विज्ञान विरोधी हुन् ।

मानव जीवनको उत्पत्तिपछि संसारमा थुप्रै क्रान्तिहरु भए, संघर्षहरु भए र ठुल्ठुला दीर्घकालीन र अल्पकालीन सशस्त्र युद्धहरु पनि भए, ती सबै जीतबाट मात्र टुङ्गिएका छैनन् । कैयौं युद्ध वा क्रान्तिहरु अनपेक्षित हार वा पराजयबाट पनि टुङ्गिएका छन् र अर्को चरणमा गएर असाधारण रुपमा विजयी बनेका छन् र समाजको विकास नयाँ ढंगले हुँदै आएको छ । सायद अहिलेको दुनियाँमा क्रान्ति र प्रतिक्रान्तिको घटनाबाट, प्रतिक्रान्तिबाट क्रान्तिको अवस्थामा नफर्किकन संसारको कुनैपनि मुलुकले अग्रगामी छलाङ्ग हान्न सकेको छैन । रुस, चीन, जापान, अमेरिका, भियतनामहरुले पनि क्रान्ति र प्रतिक्रान्तिको कालखण्ड नगुजारीकन यो स्थितिमा आइपुगेका होइनन् । त्यस्तै नेपालले पनि परापूर्वकालदेखि क्रान्ति र प्रतिक्रान्तिका धेरै श्रृखलाहरु पार गरेर यो स्थितिमा आइपुगेको हो । यद्यपि २०५२ सालबाट सुरु भएको नेपाली क्रान्ति २०६१ र २०७२ सम्मको चरणमा आउँदा पछिल्लो दुई दशकमा प्रतिक्रान्तिमा आएर संक्रमणकालको अन्त्य भएको छ । नवसंशोधनवादी, संशोधनवादी र प्रतिकृयावादी शक्तिहरु सिद्धान्तः एकै ठाउँमा आईपुग्दा यो त्रिपक्षीय गठबन्धन हुन पुगेको हो । वाह्य रुपमा शक्तिराष्ट्रहरु (विशेषगरी) अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवाद)को नेपालको मामिलामा भएको गठबन्धन र आन्तरिक रुपमा भएका त्रिपक्षीय गठबन्धन बीचको साँठगाँठ र ग्रयाण्डडिजाइनबाट विजयन्मुख नेपाली क्रान्ति प्रतिक्रान्तिमा आएर टुङ्गिएको छ । यसैलाई उनीहरुले ठूलो विजय ठानेका छन् र नेपाली सर्वहारावर्गीय क्रान्तिलाई प्रतिधक्का दिएर केहि समयपछि सार्न सफल भएकोमा घमण्डले उन्मत्त भएका छन् ।

यसबेला नेपाली कम्युनिस्ट आन्दोलनले धक्का खाएर थोरै पछाडि हट्न बाध्य भएको छ । यतिवेला नेपाली क्रान्तिशक्ति संचय र वैचारीक रक्षको चरणमा छ । यो अवस्थामा मालेमावादलाई पथप्रदर्शक सिद्धान्त मान्ने जोकोही पार्टीमा आवद्ध सच्चा क्रान्तिकारीहरु धैर्यतापूर्व क्रान्तिकारी विचार र आर्दशलाई जोगाई राख्न जरुरी छ । हामीले क्रान्तिको सपना देख्न छोड्नु हुँदैन । क्रान्तिकारीहरुले अध्ययन, चिन्तन, मनन, छलफल र बहसबाट क्रान्तिकारी विचारलाई स्पातिलो बनाइराख्नु पर्छ । क्रान्तिकारीहरुले देख्ने सपना भनेको द्वन्द्वात्मक भौतिकवादी सपना नै हो । त्यो कहिले विजयमा साकार रुप लिन्छ, कहिले पराजयमा । यतिबेला नेपाली क्रान्तिले पराजय भोगेको कुरा साँचो हो । तर अहिलेको क्षणिक पराजयवाट कोहि पनि आत्तिनु पर्दैन । यो प्रतिक्रान्तिको गर्भमा सशक्त र सशस्त्र क्रान्ति हुर्किराखेको छ । १९०५ को रुसको असफल फेव्रुअरी क्रान्तिले १९१७ को अक्टोबरलाई जन्म दिए जस्तै २०७२ को प्रतिक्रान्तिले कुनै दिन नेपालमा भिषण क्रान्ति अवस्था जन्माउने छ । क्रान्तिकारी आशावाद र क्रान्तिकारी धैर्यता भएन भने नेता होस् वा कार्यकर्ता अन्ततः संसोधनवाद उस्को अन्तिम गन्तव्य विन्दु भनेको प्रतिकृयावाद नै हो ।

तसर्थ, क्रान्तिकारीहरुले जस्तोसुकै संकटको बेलामा पनि क्रान्ति, वर्ग, वर्ग संघर्ष सर्वहारा दृष्टिकोणलाई कदापी बिर्सन हुँदैन । क्रान्तिको सपना पनि देख्न छाड्नु हुँदैन । समाजमा वर्ग रहेसम्म कुनै न कुनै रुपमा (सुक्ष्म वा तीव्र गतीमा) वर्ग संघर्ष भै रहन्छ । त्यो वर्ग संघर्षलाई वाह्य वातावरण तयार प्रज्वलित गर्नु र निष्कर्षमा पुऱ्याउनु क्रान्तिकारीहरुको अहम् दायित्व हो । नेपालको क्रान्तिले अहिले प्रतिक्रान्तिको धक्का खानुपरे पनि यसभित्र क्रान्तिकारी विजाङ्कुरणहरु थुप्रै छन् । मात्र तिनलाई संगठित र व्यवस्थित गर्न सकियो भने युगले नयाँ कोल्टे फेर्न बेर लाग्ने छैन ।

**३.निष्कर्ष**

उपरोक्त विश्लेषणबाट हामी के निष्कर्षमा पुग्न सक्छौ भने मुलुकमा क्रान्ति सम्पन्न गर्नको लागि क्रान्तिकारीहरुमा क्रान्तिप्रतिको सपना सदैव जिवित हुनु पर्छ । क्षणिक हार र पराजयबाट निरास भएर राष्ट्र र जनताप्रतिको दायित्वलाई कदापी बिर्सनु हुँदैन । क्रान्तिको ग्राफ आफ्नो नियम अनुसार कहिले माथि कहिले तल झर्छ । माथि जाँदा तात्तिने र तल झर्दा आत्तिने प्रवृत्तिले क्रान्तिलाई धेरै घाटा पुऱ्याउँछ । प्रतिकृयावादीहरु कहिलेकाही क्रान्तिकारी जनताको सपना चकनाचुर पार्न बलिरहेको आगोमा पानी खन्याएर क्रान्तिको रापलाई निस्तेज पार्न खोज्छन् र गर्छन् पनि । त्यतिबेला क्रान्तिकारीहरुले आफ्नो आस्था र विचारलाई खरानी मुनीको भुंग्रोको रुपमा सुरक्षित र प्रज्वलित गरी राख्नु पर्छ । त्यति मात्र नभएर उनीहरुले भौतिक रुपमा नै हमला गरेर चिली इन्डोनेसिया र पेरिस कम्युन जस्तो बनाउन सक्छन् तर पनि क्रान्तिकारीहरु आफ्नो आस्था, विचार र वर्गप्रति सतिसाल झै अजर अमर भएर उभिन सक्नु पर्छ । त्याग र वलिदानी भावसहितको दृढ आस्था र प्रतिवद्धताले एक न एक दिन गलत विचार, गलत सिद्धान्त र जनविरोधी हर्कतमाथि विजय प्राप्त गरेरै छाड्ने छ । तसर्थ, प्रतिकृयावादी र अवसरवादीहरुको क्षणिक चक्काचौदबाट तरंगित नभई क्रान्तिकारी सपनालाई जीवनमा सार्थक बनाउन अजारौं गंभीर चुनौतीहरुलाई सामना गर्दै महान् शहिदहरु, वेपत्ता योद्धाहरु र लाखौ करोडौ उत्पीडित जनताको सपना साकार बनाउनु सच्चा क्रान्तिकारीहरुको प्रमुख दायित्व हो । यो कार्यभार विचलनवादीहरुले पुरा गर्न सक्तैनन् किनभने उनीहरु क्रान्तिकारी विचार, सिद्धान्त र आदर्शवाद भागिसकेका हुन्छन् । गणितीय संख्यामा थोरै भएपनि यो कार्यभार पुरा गर्ने निरंतर क्रान्तिमा समर्पित हुने योद्धाहरुले नै हो ।

क्रान्तिकारीहरुले जस्तोसुकै संकटको बेलामा पनि क्रान्ति, वर्ग, वर्ग संघर्ष सर्वहारा दृष्टिकोणलाई कदापी बिर्सन हुँदैन । क्रान्तिको सपना पनि देख्न छाड्नु हुँदैन । समाजमा वर्ग रहेसम्म कुनै न कुनै रुपमा (सुक्ष्म वा तीव्र गतीमा) वर्ग संघर्ष भै रहन्छ । त्यो वर्ग संघर्षलाई वाह्य वातावरण तयार प्रज्वलित गर्नु र निष्कर्षमा पुऱ्याउनु क्रान्तिकारीहरुको अहम् दायित्व हो ।

## कविता

### आयो देजमो

● काजी गाउँले

क्रान्तिले गम्भीर धक्का खाइरहेको बेला
दक्षिणपन्थी हावा हुरी सुसाएको बेला
आइपुग्यो देजमो सबको साहारा
जनवादी क्रान्ति पूरागर्ने बोकी अभिभारा

हिमाल पहाड तराइका गाउँ बस्तीबाट
पहाड पर्वत खोला नाला यही धर्तीको साथ
फैलियो देजमो दुबोसरि झै
जनताको बिश्वास र आगाध माया पाई

क्रान्तिको बाटोबाट अघि बढ्दै जाने
मुक्ति आन्दोलनको लक्ष्य समाइ अघि बढ्ने
आइपुग्यो देजमो एक ढिक्का भइ
अधुरो जनक्रान्ति पूरा गर्नलाई

राष्ट्रियता जनतन्त्र जनजीविकाका मुद्दा
लिइ अघि बढ्दै छन् है इतिहासका निर्माता
आइपुग्यो देजमो घर आँगन
जनताको अधिकार पूरा गराउन

## विमान स्थलको ...

साढे ३३ किलो सुन तस्करी काण्डमा पक्राउ पर्ने उनी नेपाल प्रहरीका उच्च अधिकारी हुन् । प्रहरीले यसअघि नै सो प्रकरणमा भन्सारका ३ कर्मचारीसहित ७ जना पक्राउ परिसकेका छन् । गत पुसमा प्रहरीले विमानस्थलबाटै साढे ३३ किलो सुन बरामद गरेको थियो ।

सुन तस्करीमा मिलेमतो रहेको अभियोगमा पक्राउ परेका विमानस्थल भन्सारमा कार्यरत कर्मचारीको सूचनाको आधारमा एसएसपी खत्री समेत पक्राउ परेका हुन् । सुन तस्करीमा मुछिएका खत्रीलाई गत माघ ३ मा नै अनुसन्धानका लागि भन्दै प्रहरी प्रधान कार्यालय तानिएको थियो । उनी १४ महिनाअघि त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा सरुवा भएर गएका थिए । पक्राउ परेका खत्रीलाई थप अनुसन्धानका लागि महाराजगञ्जस्थित ब्यूरो कार्यालय लगिएको छ ।

पक्राउ परेका एसएसपी खत्री फरक फरक नम्बरका मोबाइलबाट भन्सार अधिकृत श्रीनारायण यादवसँग सम्पर्कमा रहेको देखिएको छ । सुन तस्करीको अन्तराष्ट्रिय गिरोहसँग सेटिङमा संग्लनहरु भाइबर र स्काईप मार्फत सम्पर्ककमा रहेको कारण ब्युरोको अनुसन्धानमा कठिनाई भएको जनाइएको छ । विमानस्थलको एक्सरे मेसिनसँगै बस्ने तथ्यांक अधिकृत श्रीनारायण यादवले बयानका क्रममा एसएसपी खत्री समेत तस्करीमा संलग्न रहेको पाइएको स्रोतको भनाई छ । यादवकै बयानका आधारमा ब्युरोले दुईबीचको टेलिफोन सम्पर्कको जालो पत्ता लगाएको थियो ।

विमानस्थल भन्सार स्रोतका अनुसार यसअघि नै पक्राउ परेका यादव आठ बर्ष भन्दा लामो समयदेखि विमानस्थलमा कार्यरत थिए । यो सँगै सुन तस्करीको आरोपमा केन्द्रिय अनुसन्धान ब्युरोले अहिलेसम्म आठ जनालाई पक्राउ गरिसकेको छ । गत पुस २१ गते दुबईबाट आएको ३३ किलो पाँच सय ७७ ग्राम ४० मिलिग्राम सुन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सारबाट पास भएपछि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले विमानस्थलबाहिर बरामद गरेको थियो । सुन बरामद भययता नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले सुन बोकेर ल्याउने गोपालबहादुर शाही, सुन लिन आउने दिनबन्धु थापा र सन्तोष काफ्ले र रामहरि कार्कीसहित अन्य एकलाई काभ्रेको पनौतीबाट पक्राउ गरेको थियो ।

पक्राउ परेकाहरुको बयानका आधारमा विमानस्थल भन्सारमा कार्यरत भन्सार अधिकृत यादव र राजकुमार ढकाल यसअघि नै पक्राउ परिसकेका छन् । विमानस्थल भन्सारका अनुसार आठ वर्षभन्दा लामो समयदेखि विमानस्थलमा कार्यरत यादव तथ्यांक अधिकृत हुन भने प्राविधिक कर्मचारी ढकाल करारमा नियुक्त कर्मचारी हुन् । उनीहरुसँगको बयानका क्रममा कर्मचारीले एसएसपी खत्रीको संग्लनताको आधारहरु दिएका थिए ।

सुन तस्करीको घटनाबारे बुझ्न २७ पुसमा बसेको संसदको अर्थ समिति बैठकले अधिकार सम्पन्न छानविन समिति गठन गर्न आदेश दिइसकेको छ । त्यस्तै, भन्सार विभागले पनि पुस २२ गते विभागका उपमहानिर्देशक सुमन दाहालको संयोजकत्वमा पाँच सदस्यीय छानविन समिति गठन गरेको थियो । यी समितिले अहिलेसम्म कुनै निश्कर्ष निकालिसहेका छैनन् । यो सुन तस्करीपछि यस प्रकरणमा ठूलो गिरोह संलग्न रहेको अनुमान गरिएको छ ।

## नेपाली समाजको ...

प्रक्रिया हो । तिनताका यस प्रक्रियामा ब्रिटिश साम्राज्यवाद सबैभन्दा अगाडी देखियो । हाम्रा दुई छिमेकी देश चीन र भारत ब्रिटिश साम्राज्यको उपनिवेश रहेको विदितै छ ।

दुर्गमताको कारण नेपाल पूर्ण उपनिवेश त बनेन्, तर सन् १८६० ई. पछि ब्रिटिश साम्राज्यको आश्रित राज्य भने अवश्य रह्यो । यसले राज्यको आन्तरिक अर्थ-राजनैतिक संरचना, जीवनशैली र चरित्रलाई प्रभावित न गरेपनि शासकवर्ग (राणाहरु) ब्रिटिश साम्राज्यको सामू नत् भएर कृपाकांक्षी अवश्य बने । यसलाई नेपाली सामन्ती समाजमा औपनिवेशिकताको लाक्षणिक प्रवेश हामी भन्न सक्दछौं । प्रथम विश्वयुद्ध सम्म आउँदा नेपालको शासकवर्ग र ब्रिटिश साम्राज्यवाद बीच लगनगाँठो राम्रैसंग कस्सिएको देखिन्छ । उत्तरी भारतमा उद्योग स्थापनाको निम्ती कच्चापदार्थ र रेललाइन बिस्तारको निम्ति तराई क्षेत्रको सदाबहार जंगलको दोहनको निम्ती नेपाली शासकवर्ग ब्रिटिश साम्राज्यवादको इच्छा बमोजिम साष्टाङ्ग दण्डवत्मुद्रामा देखिन्छन् । यतिमात्र होइन, प्रथम विश्वयुद्धमा भारतीय ब्रिटिश शासकलाई आर्थिक सहयोगपनि गर्दछन् र यसको साटो ब्रिटिश शासनले सन् १९२३ ई.मा नेपाललाई पहिलो पटक बेलायत (लन्दन)मा राजदूत राख्ने अनुमति दिन्छ । केही इतिहासकारको मतमा ब्रिटिश साम्राज्यवादले पहिलोपटक नेपाललाई कूटनैतिकरुपमा सार्वभौम वा स्वतन्त्रराज्यको मान्यता दियो । तर यतिभएपनि नेपाली समाजको जीवन व्यापार पछौटे प्रविधिमा र अकाशेभरमा कृषिआश्रित नै रह्यो र राज्यको मूल आर्थिकश्रोत भूमि र भूमिमा आश्रित श्रम नै रह्यो । विर्ता, गुठी, राज्योत्सव र आपदा आदि आकस्मिक अवसरहरुमा थपिने विशेष करहरुजस्ता सामन्ती चरित्रका अर्थश्रोत नै राज्यको मुख्य श्रोत रह्यो । लाग्दछ, ब्रिटिश सरकारको चासो शासकवर्गसंग मात्र थियो । उनिहरु शायद नेपाली शासकवर्गलाई चिढाउन चाहँदैनथे । त्यसैले नेपाली समाजको अर्थ-राजनीतिक संरचनामा दखल दिन चाहेनन् । यद्यपि तत्कालीन भारतीय श्रमबजारको निकटता र भाडाको सैनिककोरुपमा नेपालका पहाडी युवाहरुको निम्ती खोलिएको गोर्खाभर्ती केन्द्र आदिले न्युनतम् भएपनि नेपाली समाजमा औपनिवेशिक पूँजीवादको बीउ संक्रमित गरिरहेको थियो । राजनीतिकरुपमा पूर्णतः उपेक्षित तराई-मधेशमा भने तुलनात्मकरुपमा पूँजीवादी संक्रमणको प्रभाव बढी रह्यो (यस विषयमा विशेष अध्ययनको आवश्यकता छ) । यो यस्तो स्थिति थियो, जहाँ सामन्तवाद पनि थियो र औपनिवेशिक प्रभाव पनि थियो । अर्को शब्दमा यो अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्था हो । के नेपाल अझै अर्धसामन्ती-अर्धऔपनिवेशिक छ ?

केही समाजशास्त्रीहरु र अर्थशास्त्रीहरु सुगौली सन्धिपछि नै अथवा ब्रिटिश साम्राज्यवाद सामू आत्मसमर्पण गरेदेखिनै नेपाल पूँजीवादमा प्रवेश गरिसकेको मान्यता राख्दछन् । तर त्यसो हो भने समाजको वर्ग-चरित्रबारे अर्धसामन्ती, अर्धऔपनिवेशिक आदि अर्थ-राजनीतिक चरणको नामांकनको आवश्यकता नै पर्ने थिएन । वस्तुतः यो समाजको संक्रमणकालीन स्थितिको द्योतक हो ।

एमालेका एक वरिष्ठ नेता तथा विश्लेषक घनश्याम भूषाल, सन् १९५०ई.को सन्धिपछि नेपाली समाज पूँजीवादी समाजमा परिणत भएको मत राखेको पढ्न पाइन्छ । तर मेरो विचारमा यो राजनीतिक वर्चस्वमा आधारित धारणा हो । पूँजीवाद राजनीतिक प्रणालीमात्र होईन, यो एउटा समग्र अर्थ-राजनैतिक प्रणाली, जसले मानिसको राजनैतिक मात्रै होइन आर्थिक र साँस्कृतिक-सामाजिक जीवन व्यापारलाई समेत प्रभावित गर्दछ । सन् १९५० पछि नेपाली समाजको अर्थ-राजनीतिक चरित्र र सामाजिक जीवन व्यापार कुन हद्सम्म परिवर्तित भयो ? एउटा कुराचाहीँ मान्न सकिन्छ- नेपाली समाजमा औपनिवेशिक पूँजीको संक्रमण तीव्र गतिमा भईरहेको छ र यसले बहुआयामिकरुपमा एउटा नयाँ प्रकारको औपनिवेशिक चरित्र निर्माण गर्दैछ ।

दोस्रो विश्वयुद्धपछि उपनिवेशहरु यथास्थितिमा कायम रहने स्थिति रहेन । विश्वभरि चलेको उपनिवेशवादविरोधी लहर र मुक्तिसंघर्षहरुले साम्राज्यवादलाई फौजीरुपमा पछि हट्न बाध्य हुनुपर्‍यो । चीन र भारतजस्ता कयौं मुलुकहरुमा सफल संघर्ष र औपनिवेशिकताबाट मुक्ति पाउनुले विश्वभरि साम्राज्यवादीहरु पुरानै स्थितिमा टिक्नसक्ने अवस्था रहेन । तर लामो शोषणबाट जर्जर उपनिवेशमुक्त देशहरुमा गरिबी र अस्थिरता समस्याको रुपमा देखापर्‍यो । साम्राज्यवादीहरुले यसलाई हतियार बनाए र अनुदान, ऋण र सहयोग र शुभचिन्तकको रुपमा यी कमजोर देशहरुमा आफ्नो नियन्त्रण कायम गर्न सफल भए । यसको निम्ति उनीहरुले विभिन्न शान्ति-मैत्री सन्धि र विकास सहयोग-सम्झौताजस्ता हतियार प्रयोग गरे ।

सन् १९६०मा तत्कालीन सोभियत संघमा भएको ८१ वटा कम्युनिस्ट पार्टीहरुको सम्मेलनले नवउपनिवेशवादलाई यसरी व्याख्या गर्‍यो :

"अर्थनीतिक नियन्त्रण र राजनैतिक प्रभावहरुको उत्तोलकहरुमा आफ्नो कब्जा, स्वतन्त्र देशहरुको अर्थतन्त्रमा आफ्नो स्थिति जस्ताको त्यस्तै कायम राख्नु, र अर्थनीतिक सहायताको नाममा नयाँ ठाउँ खोज्नु, उनिहरुलाई आफ्नो फौजी गूटमा तान्नु, फौजी तानाशाही थोपर्नु र त्यहाँ फौजीअड्डाहरु स्थापना गर्नु, नयाँ स्वतन्त्र देशहरुमा राष्ट्रिय सार्वभौमिकता दुर्बल पार्नु, राष्ट्रहरुको आत्मनिर्णयको अधिकारलाई बङ्ग्याएर प्रस्तुत गर्नु, आत्मनिर्भरताको झूठो नाराको आडमा औपनिवेशिक आधिपत्य थोपर्नु, आफ्ना कठपुतलीहरुको हातमा सत्ता सुम्पने र बुर्जुआहरुको एउटा हिस्सालाई घूस दिने चेष्टा साम्राज्यवादले गर्दछ । उसले यी कमजोर राज्यहरुलाई झन् कमजोर पार्न राष्ट्रिय कलहको विषालु हतियार प्रयोग गर्दछ । .........साम्राज्यवादीहरुको सहायक स्थानीय शोषकहरुको सबैभन्दा बढी प्रतिक्रियावादी वर्ग हुने गर्दछ ।...." । (अयोध्या सिंह , साम्राज्यवाद का उदय और अस्त , २००३ /प्रकाशन संस्थान, नई दिल्ली)

अब अर्धऔपनिवेशिकता संक्रमणकालीन स्थिति मात्र रहेन । बरु यो सुनियोजित प्रणालीकोरुपमा विकसित भइसकेको छ ।

मेरो विचारमा सन् १९५०मा नेपाल र भारत बीच भएको 'शान्ति र मैत्री सन्धि'ले नेपालमा यसै नवऔपनिवेशिकतालाई बल पुर्‍यायो । यसका शर्तहरु हेर्ने हो भने यो मृत भइसकेको छ, तर यसले जन्माएको औपनिवेशिक गुलामीको मानसिकता र संरचना यति जब्बर छ कि सत्ताधारीहरु यस सन्धिबाट निस्कन सकिरहेका छैनन् ।

यति भनिसकेपछि प्रश्न उठ्छ नेपाली समाजको अर्थ-राजनीतिक चरित्र अथवा वर्ग चरित्र के हो ? यसको निम्ति देशको वर्तमान अर्थ-राजनैतिक वस्तुगत स्थितिको अध्ययन गर्नु आवश्यक हुन्छ । आउनुस संक्षिप्त नै भएपनि देशको अर्थ-राजनैतिक वस्तुगत अवस्थाको प्रवृत्तिगत चर्चा गरौं ।

नेपालमा गणतन्त्रको घोषणा भइसकेपछि नयाँ राष्ट्रियता र राष्ट्रिय अर्थतन्त्रको आधार निर्माण हुन नसकेको स्थितिमा स्वाभाविकरुपमा नै दलाल र नोकरशाही पूँजीवादी चरित्र 'टप अफ दी लीड' देखिन्छ । तर अर्थ-राजनैतिक समाजभित्र सामन्तवादी र औपनिवेशिक पूँजीवादी परिघटनाहरु एकैसाथ गतिमान देखिन्छन् । अघि नै भनिए झैं यी दुइ प्रवृत्तिहरु बीच द्वन्द भने झन्-झन् तिव्र हुँदैगइरहेको छ । आर्थिक सूचकहरुका अनुसार सन् २०१५ सम्म आईपुग्दा पनि कृषिमा आश्रित र सक्रिय जनसंख्या ८२ प्रतिशत (कृषिमा सक्रिय ६६प्रतिशत र आश्रित १६प्रतिशत ) छ । (सीताराम तामाङ , वर्तमान नेपाली समाजको अर्थ राजनीतिक विश्लेषण, वर्गदृष्टि साप्ताहिक, ०७३ माघ १० ) । यसरी नै ने.रा. बैंकको ०७२/७३को एउटा आर्थिक सर्वेक्षणले नेपाली समाजको रोचक द्वन्द प्रस्तुत गर्दछ । त्यस सर्वेक्षणका अनुसार नेपाली श्रमशक्तिको विभाजन गर्दा कृषिमा ६६.६ प्रतिशत , उद्योगमा १४ प्रतिशत र सेवामा १९.२ प्रतिशत देखाउँदछ । तर अर्थतन्त्रमा योगदान भने उल्टो छ - कृषिबाट ३१प्रतिशत (कृषि व्यवसायमा १०.५प्रतिशत) , उद्योगबाट १४प्रतिशत र सेवाबाट ५४.४ प्रतिशत (श्रोत - उही वर्गदृष्टि साप्ताहिक , माघ १० ) ।

कानूनीरुपमा विर्ता प्रथा, कमलरी, हलिया प्रथा अन्त भएपनि जग्गा विहीन कृषिआश्रित जनसंख्या ठूलो छ र उनिहरु कूत, बटैया र ठेक्कामा जीविका चलाउँदैछन् । कृषिको आधुनिककरण र व्यावसायिककरणको प्रवृत्ति नेपाली कृषिप्रणालीको मूख्य चरित्र बन्न सकेको छैन र अझै अकासे वर्षाको भरमा नेपाली कृषि आश्रित छ ।

तर तस्वीरको अर्को पक्षपनि छ - नेपालमा ४०लाख युवा विदेशी श्रममा जोतिएका छन् । अर्थतन्त्रको एक चौथाई विप्रेषणबाट प्राप्त हुन्छ ।

नेपाल अझैपनि गाउँहरुकै देश हो । पहाडका अधिकांश ग्रामीणक्षेत्रमा सामन्तवादी संरचना र चेतनाकै प्रभूत्व रहेपनि सुगमताको कारण तराई-मधेशका गाउँहरुमा भने पारम्परिक संरचना र चेतनामा तिव्र परिवर्तन भैरहेको देखिन्छ । देशको ठूलो जनसंख्या विदेशिएर प्राप्त विशेषगरी अरेबियन श्रम पूँजीले गाउँहरुमा न्यून मात्रामा नै भएपनि नयाँ धनिकवर्ग , निम्नमध्यम वर्ग र निम्नपूँजीपति वर्ग जन्माउँदैछ । गाउँहरुमा अमीरी र गरीबीको खाडल बढदैछ । विदेश जान असफल (खेतिहर मजदूर , निम्नपूँजीपति वर्ग ) काम न पाएर तथा विदेशमा गएर असफल भएर फर्केको श्रमिक वर्ग भएको जग्गापनि बेचेर झन् गरीब हुँदैछ । अर्कोतर्फ गाउँमा सूदखोर महाजनहरु झन् धनी बन्दैछन् । समग्रमा गाउँहरुमा पूँजीवादी अर्थसम्बन्धहरुको विकाससंगै बेरोजगारी र गरीबीपनि बढदैछ । ग्रामीणपूँजी र जग्गा , पारम्परिक महाजनहरु जो नवधनिकमा परिणत हुँदैछन् , उनिहरुको कब्जामा जाँदैछ । यससंगै गरीब किसानहरु श्रमिकमा परिणत हुँदैछन् र यसको ठूलो हिस्सा नजिकको बजार, साना र मध्यम उद्योग र व्यावसायिक संस्थाहरुमा काम खोज्न शहरतिर भौंतारिदैछ ।

त्यस्तै नयाँ पैदा भएका अर्धशहरी ग्रामीणबजारहरुमा साना, मध्यम उद्योग (चीनी मील, सिमेन्ट उद्योग , पेपर मील आदि)को निर्माणले पनि गरीब र निम्न मध्यमस्तरिय किसानहरुको जमीन र श्रम मध्यमस्तरिय पूँजीपतिहरुको कब्जामा जाँदैछ । यससंगै गाउँहरुमा समेत गरीब श्रमिकहरुको पंक्ति निर्माण हुँदैछ । यो हो नेपाली गाउँहरुमा सामन्तवादी अर्थसंरचना र औपनिवेशिक पूँजीबीचको नयाँ-पुराना द्वन्दात्मक चित्र ।

शहर र उद्योगको कुरा गर्ने हो भने राष्ट्रिय पूँजीमा संचालित उद्योग शून्य प्रायःको स्थितिमा छ । करीब करीब पूर्णतः भारतीय उद्योगको कब्जा छ ।

समग्रमा राजनैतिक र आर्थिकरुपमा वैदेशिक नियन्त्रणमा रहेको नेपाली अर्थतन्त्रको ८०प्रतिशत हिस्सा विदेशी पूँजीको कब्जामा छ ।

नेपालमा लामो औपनिवेशिक स्थिति (छद्म भएपनि यथार्थ यो नै हो ) ले एउटा दलाल र नोकरशाही अर्थ-राजनीतिक व्यापक वर्ग र प्रणाली जन्माएको छ , जसले यी समग्र स्थितिलाई साम्राज्यवाद- विस्तारवादको हितमा संचालन गर्दछ । यो कटु यथार्थ हो र नेपाली समाजको दुःख पनि ।

कुनैपनि समाजको वर्ग चरित्रको खोजीको अर्थ त्यस समाजको दुःखबाट मुक्तिको दिशा पहिल्याउनु हो । यस समग्र चित्रले के दर्शाउँदछ भने राजनैतिकरुपमा सामन्तवाद पराजित भएपनि अर्थ राजनीतिकरुपमा पूर्णरुपमा विघटित भएको छैन र विस्तारवादको माध्यमबाट औनिवेशिकता झन् नयाँ-नयाँ रुपमा थपिँदैछ । यसलेगर्दा नेपाली जनताको निजी र सामाजिक जीवनमा शोषण र जटिलता झन् थपिँदैछ । मेरो विचारमा यो नवऔपनिवेशिकता हो ।

लेनिनको भनाईमा 'कुनैपनि मुलुकमा एकैपटक पूँजीवादी अर्थव्यवस्था लागू हुनसक्दैन र त्यस्तै न त एकै पटक सामन्ती अर्थव्यवस्था खतम हुनसक्दछ । नेपालमा यस द्वन्दमा सामन्ती अर्थराजनैतिक सम्बन्धहरु नवऔपनिवेशिकता सामू कमजोर पर्दैछन् । समग्रमा, नयाँ राजनैतिक परिवर्तन औपचारिक मात्र साबित हुँदैछ । वास्तविक अर्थमा जनता अधिकार सम्पन्न हुन बाँकी नै छ । यसले एउटा नयाँ संघर्षको माँग गर्दछ ।

मार्क्सवादी बुझाईले 'बुझ्नु' भन्दा 'बदल्नु'लाई मूख्य मान्दछ । यस बहसले नेपाली जनताको दुःख र उत्पीडनको स्थिति आमूल फेरिनु पर्दछ ।

## संसदवादी दल ...

कार्की, उच्च मावि रत्नावतीका प्र.अ. सोमप्रसाद भण्डारीलगायतको उपस्थिति रहेको थियो । तेजमान विकले अध्यक्षता गरेको कार्यक्रमको संचालन यमकुमार नेपालीले गरेका थिए ।

## आजबाट अखिल ...

निर्वाचन प्रणालीको माग राख्दै आएको भए पनि आसन्न स्ववियू निर्वाचनका लागि मिश्रित निर्वाचन प्रणालीमा सहमति जनाएको छ भने स्ववियूमा तीन दलीय सिन्डिकेटको अन्त्यको जोडदार माग गर्दै आएको छ ।

कांग्रेस, एमाले र माओवादी केन्द्र निकट विध्यार्थी संगठनले गैरविध्यार्थीहरुलाई एकमुष्ठ सैयौंको संख्यामा भर्ना गरेको भन्दै त्योको जोडदार विरोध गर्दै आएको छ । स्ववियूमा भएको सिन्डिकेटको अन्त्य र एकमुष्ठ गैरविध्यार्थीको भर्नाको विरोधलगात स्ववियू चुनाव सम्बन्धी संगठनको आधिकारिक धारणा र योजना भेलाले ठोस गर्ने संयोजक भण्डारीले बताए ।

जम्काभेट

# आरवाइएललाई जुझारु र गतिशिल संगठनको रुपमा स्थापित गर्नेछौं



**प्रविण देउला**
संयोजक
**क्रान्तिकारी युवा लीग, नेपाल**
काठमाडौं जिल्ला समिति

*» क्रान्तिकारी युवा लिग काठमाडौंको नयाँ अध्यक्षका निर्वाचित हुनु भएको छ, कस्तो महशुस भएको छ ?*

पार्टीले हामीजस्ता युवाहरुबाट निकै ठूलो अपेक्षा राखेको छ । हाम्रो पार्टीलाई युवाविहीन पार्टी भनेर दक्षिणपन्थी अवसरवादीहरुले निकै ठूलो हल्ला पिटाएका छन् । त्यसको मुखतोड जवाफ दिन हामी आम श्रमजीवि शोषित-उत्पीडित युवाहरुमाझ तीन महिने अभियानमार्फत् गइरहेका छौं । मैले इतिहासको यो घडीमा पार्टी र क्रान्तिप्रतिको गम्भीर दायित्वबोध महसुस गरिरहेको छु । आशा एवम् विश्वास छ क्रान्तिकारी युवा लिग काठमाडौंलाई एउटा जुझारु र गतिशिल संगठनको रुपमा स्थापित गर्न सफल हुनेछौं । भ्रष्टाचारी, सुदखोरी, कोलोबजारीहरुका निम्ति क्रान्तिकारी युवा लिग एउटा आतंक बनेर अगाडि आउने छ । आम श्रमजीवि युवाहरुको लागि आँखाको नानीको रुपमा स्थापित गरेर लगिनेछ ।

*» के कस्ता छन् कार्यक्रमहरु आम युवाहरुबीच जाने ?*

अहिले हामी संगठन विस्तार तथा सुदृढीकरणको चरणमा छौं । पार्टीले चलाएको तीन महिने सांगठानिक अभियानमा जुटिरहेका छौं । यसै अभियानन्तर्गत हामीले फाल्गुन २१ गते विशाल युवा मार्चपासको आयोजना गर्दैछौं । हामीले हजारौं युवाहरुलाई यस मार्चपासमा सहभागि गराउने तयारी गरिरहेका छौं । यसका अतिरिक्त हामी भ्रष्टाचारीहरु, कमिसनखोर, कालाबजारीहरुको पहिचान गर्दै उनीहरुमाथि कारबाहीको प्रक्रिया अगाडि बढाउँछौं ।

*» अहिलेका अधिकांश युवाहरु राजनीतिलाई गाली गर्छन् । लाखौं युवाहरु विदेशिएका छन् । ती युवाहरुलाई क्रान्तिकारी युवा लिगमा आवद्ध कसरी गर्न सकिन्छ ?*

देशको आमूल परिवर्तन गर्ने भनेको युवाले हो । युवा शक्ति भनेका देश विकासका खम्बा हुन् । युवा जोश, जाँगर भएको बेला विदेशी भूमिमा श्रम, सिप र पसिना बगाएर मुलुक बन्दैन, मुलुकमा परिवर्तन हुँदैन । मुलुक रहे हामी रहने हो । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका हिसाबले जर्जर अवस्थामा रहेको नेपालको सर्वाङ्गिण विकास गर्न युवाहरुको आवश्यकता पर्छ । युवाहरुले राजनीतिलाई गाली गर्ने होइन, फोहरी राजनीतिलाई सफा गर्न युवाहरुले राजनीतिमा हाम्फाल्नु पर्दछ । युवाहरु स्वभावैले क्रान्तिकारी हुन्छन् । त्यो क्रान्तिकारी स्वभावलाई क्रान्तिकारी राजनीति अर्थात् आमूल परिवर्तनको राजनीतिमा लगाउन सके मात्र मुलुक बँचाउन र बनाउन सकिन्छ । यसर्थ, हामी देश विदेशमा रहेका आम श्रमजीवि युवाहरुलाई क्रान्तिकारी राजनीतिमा आउन र परिवर्तनको महान यात्रामा सहकार्य गर्न आव्हान गर्न चाहन्छौं ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं, फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति
सम्पर्क
कृष्ण सुवेदी – ९८५१०१८९१२
राम के.सी. – ९८५१०५४२६४
होम छन्त्याल – ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४
माइक्रो काउन्टर
काठमाडौं फोन ०१४३८८३९३
बाग्लुङ ०६८५२२२२०
काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ
A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं-भिंगृ किमीचौर | बिहान ६:३० बजे |
| भिंगृ किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | विहान ५:०० बजे |
| खलंगा-नेपालगंज | बिहान ८:३० बजे |
| नेपालगंज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं – ९८६६८३३३९९
खलंगा – ९८५१२४९९४८
किमीचौर – ९८५१२४९९४८
आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

## आलोपालो

# वर्तमान अवस्था र क्रान्तिकारी युवाहरुको सवाल



■ हरिकृष्ण गजुरेल

नेपाली युवाहरु आफ्नो भविष्यको निम्ति भौंतारिंदै यत्रतत्र लरखराइरहेको अवस्था छ । दिन प्रतिदिन यो परिस्थिति झनै विकराल र गम्भीर बन्दै गइरहेको छ । प्राकृतिक सुन्दरताले भरिपूर्ण यो मुलुकमा कुरुपता र अन्धकारमय जीवनको कहालीलाग्दो अवस्थाले नेपाली जनता छटपटाइरहेका छन् । राज्यका उच्च निकायमा भएकाहरु देखि ज्याला मजदूरी गरेर जीवन चलाइरहेकाहरु सबै आ-आफ्नै दुनियाँमा कुदिरहेका छन् । यहाँ सत्तामा रहेकाहरुका आ-आफ्नै स्वार्थ र दाउपेचहरु छन् । राज्य लुटिरहेकाहरु जसरी भए पनि लुटको स्वर्गलाई बचाइराख्न चाहन्छन्, दलाली र भ्रष्टाचारीहरु जसरी भए पनि आफ्नो गतिविधिलाई निरन्तर संरक्षण चाहन्छन् भने दलाल शासकहरु दलालीकरण गरेर सत्तामा टिकिरहन चाहन्छन् । तर विडम्बना गरिखाने नेपाली जनता पीडा, अभाव, छटपटाहट, अन्यौल र अस्तव्यस्तताको जीवन बाँच्न वाध्य छन् । आज तमाम उत्पीडित जनसमुदायहरु आफ्नै मुलुकमा आन्तरिक शरणार्थीको रुपमा बाँच्न बाध्य छन् । राज्य निरीह छ, कानून सोझा साझा र इमान्दार जनताहरुलाई बाँध्ने साङ्लो बनेको छ भने गरिव, उत्पीडित, उपेक्षित जनताहरु जाँतोमा मकै पिसिए जसरी पिसिइरहेकाछन् । बाह्य हस्तक्षेप खासगरी भारतीय विस्तारवादको हस्तक्षेप र दबदबाले मुलुकको सार्वभौम सत्तामाथि संकटको बादल मडारिइरहेको छ । सत्तामा रहेकाहरु उडुसले रगत चुसेजस्तो जनतालाई चुसेर विस्तारवादसामु लम्पसार परिरहेका छन् । आफूलाई ठूला भनाउने पार्टीमा आवद्ध युवाहरुले आफ्नो निजी स्वार्थबाहेक अरु कुनै कुरामा चासो नै राखेको देखिदैन । उनीहरुमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाको सवालमा रतिभर पनि चासो र चिन्ता देखिदैन ।

अहिले समग्र रुपमा राष्ट्रियता, जनतन्त्र र जनजीविका गम्भीर संकटतर्फ धकेलिएको छ । पूर्वमा टिस्टा र पश्चिममा काँगडा सिमाना रहेको नेपाल सन् १८१६ को सुगौली सन्धिदेखि सन् १९५० को नेपाल-भारतबीच सन्धि हुँदै वर्तमान अवस्थासम्म आइपुग्दा परिस्थिति झनै विकराल र जटिल बनेको मात्र होइन, मुलुकलाई भूटानीकरण गर्दै सिक्किमीकरणतर्फ लैजान दलाल शासकहरु नाङ्गो रुपमा लागिरहेका छन् । यतिखेर नेपालका शासकहरुले राजनीतिको स्वतन्त्र हैसियत गुमाइसकेको देखिन्छ । नेपाली आफैले कुनै महत्वपूर्ण निर्णय गर्न नसक्नु, केवल बिदेशीले नै सबै मिलाई दिनुपर्ने र निर्णय गरिदिनु पर्ने घटनाक्रमले यही तथ्यलाई उजागर गर्दछ । राजनीतिक पार्टीहरु, तिनका नेताहरु कुनै पनि निर्णय गर्न स्वतन्त्र देखिएका छैनन् । मुलुक र मुलुकबासीको भविष्यमाथि दूरगामी महत्व राख्ने निर्णयहरुमा पनि विदेशीहरु नै प्रभावी रहँदै आएका छन् । भारतीय विस्तारवादले त नेपालको माइक्रोमेनेजमेन्ट तहमा नै हस्तक्षेप गर्दै आएको छ । यही कारणले नै हो पछिल्लो समयमा भारतीय विस्तारवादका विरुद्ध स्वाभिमानी नेपालीहरुमा आक्रोश चुलिएर गएको छ र राष्ट्रियताको मुद्दा सबै देशभक्त र क्रान्तिकारीहरुको लागि प्रधान विषय बन्दै गएको छ । तर शासकहरु भने क्रान्तिकारी युवाहरुलाई विदेशतर्फ पलायन गराएर उनीहरुकै पसिनाबाट भित्रिने रेमिट्यान्समा लुट मच्चाएर देशका नदी नालाहरु बेच्न व्यस्त छ ।

यो कस्तो विडम्बना ? दलाल सरकार विदेशिएका युवाहरुलाई स्वदेशमा रोजगारीको सिर्जना गरेर उनीहरुको सीप र श्रमलाई मुलुक निर्माणमा खपत गराउनुको सट्टा विदेशतर्फ नै पलायन गराउन विमाको स्किम घोषणा गर्छ र विदेशी भूमिमा जीवन गुमाए २० लाख विमा पाउने घोषणा गर्छ । मुलुकबाट दक्ष र अदक्ष युवा शक्ति दिनानुदिन बाहिरिरहेको छ । मुलुकको चौतर्फी विकासका निम्ति युवाहरु नै प्रमुख आधार हुन् । आर्थिक विकास र समृद्धिको नारा फलाकेर नथाक्ने संसदवादी राजनीतिक पार्टीहरु र दलाल शासकहरु युवाहरु विदेशमा बेचेर उनीहरुको रेमिट्यान्समा लुट मच्चाएर मुलुकको समृद्धिको नारा दिन्छन्, लाजै नमानी । अब त अति भइसक्यो । युवाहरुले इतिहासबाट पाठ सिक्न जरुरी छ । नेपालको राजनीतिक आन्दोलनको इतिहासका वास्तविक चालक शक्ति भनेका युवाहरु नै हुन् । युवाहरु राजनीतिक पार्टी र व्यवस्थाका दास होइनन्, आमूल परिवर्तनका संवाहक हुन् । अब संसारभर छरिएर रहेका आमूल परिवर्तनका पक्षधर युवाहरुले पहल लिनैपर्छ- पटक पटक असफलसिद्ध संसदीय व्यवस्था फाल्न र मुलुकलाई स्वतन्त्र, आत्मनिर्भरसहित आमूल परिवर्तन गराउन ।

७० लाख भन्दा बढी विदेशीएका युवाहरुलाई स्वदेशमै फर्काएर सुन्दर, समुन्नत र स्वाधीन नेपाल बनाउने महानयात्रामा लामबद्ध गराउने परिस्थितिको सिर्जना गराउनै पर्दछ । त्यसको समग्र नेतृत्व क्रान्तिकारी युवाहरुले नै गर्ने हो । यसको अपेक्षा संसदवादी राजनीतिक पार्टी संवद्ध युवाहरुबाट अपेक्षा गर्न सकिन्न । नेपाली युवाहरु आफ्नो मुलुकको भविष्य निर्माण अभियानमा सरिक हुनै पर्दछ । कुनै पनि बहानामा मुलुकलाई बर्बाद पार्नेहरुका बिरुद्ध आम नेपाली युवाहरु एकताबद्ध भई जाइलाग्नै पर्दछ । देशको सर्वाङ्गीण विकास गरी विश्वमै नेपाललाई नमुनाको रुपमा स्थापित गराउने दिशामा अघि बढ्ने हिम्मत क्रान्तिकारी युवाहरुले गर्नै पर्दछ । क्रान्तिकारी युवाहरुको दिमागमा हिनता, कुण्ठा, पलायनता, निराशा, निष्क्रियता होइन, आशा, उत्साह, सक्रियता र गतिशिलता हुनुपर्दछ । क्रान्तिकारीहरुमा आगो खाएर अंगार ओकल्ने आँट, हिम्मत र साहस चाहिन्छ, हुन्छ । अब क्रान्तिकारी युवाहरुले जनसमुदायमा आशा र उत्साहको किरण फैलाउने बातावरण निर्माण गर्नै पर्दछ । यसको निम्ति क्रान्तिकारी युवाहरुले पहलकदमी लिन ढिला भइसकेको छ । ठोस परिस्थितिको ठोस विश्लेषणसहित क्रान्तिकारी युवाहरुले 'क्वीक एण्ड करेक्ट' निर्णयसहित पहलकदमी लिन सक्नु र सिक्नु पर्दछ । अब युवाहरुलाई विदेशी भूमिमा आफ्नो भविष्य होइन, आफ्नै भूमिभित्र भविष्य देखाउन सक्नुपर्दछ । क्रान्तिकारी युवाहरु समग्र ३ करोडको हाराहारी नेपाली जनता र आउँदो पुस्ताको समेत भविष्य निर्माणमा लाग्नु पर्दछ । हाम्रो मुलुक हामीले नबनाए कसले बनाउने ? अहिले नबनाए कहिले बनाउने ? भन्ने कुरालाई आम युवापंक्तिका दिलदिमागमा सेट गराउनु जरुरी छ । जसको निम्ति अथक मेहनत, त्याग, बलिदानी र संघर्ष अपरिहार्य हुन्छ । यसको नेतृत्व क्रान्तिकारी सिद्धान्त र विचारले लैस भएको पार्टीको नेतृत्वमा रहेको क्रान्तिकारी युवाले मात्र गर्न सक्दछन् । जसकारण मोहन बैद्य 'किरण' नेतृत्वको ने.क.पा. (क्रान्तिकारी माओवादी) पार्टीको विचारले संगठित क्रान्तिकारी युवाहरुले यसको पहलकदमी लिने आँट र साहस गर्नै पर्दछ । अहिलेको राजनीतिक चक्रब्युहलाई तोड्नै पर्दछ । तमाम बिकृति र विसंगतीलाई निर्मुल पार्नै पर्दछ । समाजमा रहेका सबै प्रकारका असमानताहरुलाई हटाउनै पर्दछ ।

समग्र रुपमा आमुल परिवर्तनको नेतृत्वदायी भुमिका क्रान्तिकारी युवाहरुले गर्नु पर्दछ । जनहितका लागि जनपक्षीय कार्यहरु गर्नुपर्दछ । जसको निम्ति जनताका दुश्मनहरुका विरुद्ध एटम बम बन्न सक्नु पर्दछ भने जनतासँग कपास जस्तो नरम बन्न पनि सिक्नु पर्दछ र आवश्यक पर्दा जनताको मुक्ति र आमुल परिवर्तनको निम्ति बलिदान दिन पनि तैयार हुनु पर्दछ । जस्तासुकै कठिनाई र चुनौतीका पहाडहरुलाई क्रान्तिमा बदल्ने दृढ संकल्पका साथ अघि बढ्नै पर्दछ । सर्वाहारा बर्गको अधिनायकत्वलाई आत्मसाथ गर्दै बल प्रयोगको सिद्धान्तअनुरुप संचालन गरिने जस्तासुकै बैधानिक या अवैधानिक संघर्षमा दृढताका साथ क्रान्तिकारी युवाहरु अघि बढ्ने पर्दछ भने सृजनशिलताका साथ साथै सिद्धान्त र व्यवहारको तालमेल मिलाएर लैजाने क्षमता प्रदर्शन गर्नु पर्दछ । जनसेवाका कार्यहरुलाई विशेष जोड दिँदै जनताका जीवनशैली र कार्यशैलीसँग मेल खाने बनाइनु पर्दछ । हरेक गाउँ बस्तीमा पुगेर जनताका समस्याहरुसँग एकाकार भई पार्टीका नीति, योजना र कार्यक्रमको साथै समग्र राष्ट्रिय राजनीतिक अवस्था र त्यसको दिर्घकालिन निकासबारे जनतालाई प्रष्ट पार्दै संगठित गरी क्रान्तिको महान अभियानमा सहभागी गराउनु पर्दछ । क्रान्तिको कार्यभारलाई पुरा गर्ने सवालमा नेतृत्वदायी भुमिका निर्वाह गर्नैपर्ने वाध्यात्मक परिस्थिति सिर्जना भएको छ । साँच्चै नै अब क्रान्तिकारी युवाहरु डाइनामाइट बन्नै पर्दछ । यो नै क्रान्तिकारी युवाहरुमाथि इतिहासले सुम्पेको जिम्मेवारी हो । यसलाई क्रान्तिकारी युवाहरुले गहिरोगरी बोध गर्न जरुरी छ ।

## महान जनयुद्ध ...

सामन्तवाद, साम्राज्यवाद तथा विस्तारवादद्वारा हुँदै आएका शोषण, दमन तथा उत्पीडनका विरुद्ध नयाँ जनवादी राज्यसत्ताको प्राप्ति र अन्ततः समाजवाद तथा साम्यवादका लागि भीषण जनयुद्धमा हाम फालेका हुन् । यस अर्थमा हामीले सहादतको मूल्यलाई वर्गीय हित, मुक्ति र आदर्शसित जोडेर हेर्नुपर्दछ ।

महान् जनयुद्ध एक यस्तो ऐतिहासिक महागाथा हो, जहाँ दुःखान्तको पनि समिश्रण छ । दुःखान्त सौन्दर्य शास्त्रीय अवधारणा हो र त्यो वर्गसङ्घर्षको भीषण ऐतिहासिक द्वन्द्वमा आधारित हुन्छ । दुःखान्त जीवनको उत्सर्ग र बलिदानसित जोडिएको छ । दुःखान्त करुणा र वीरताको द्वन्द्वात्मक एकत्व हो । महान् जनयुद्धको अवधिमा हाम्रा अनेकौं कमरेड, वीर योद्धा, परिवारजन र आफन्तहरुले मृत्युवरण गरे । हामी शोकाकूल भयौं, दुःखित, द्रवित बन्यौं । यो दुःखान्तको कारुणिक पक्ष हो । परन्तु, अर्कोतिर दुःखान्तको साहसिक पक्ष पनि छ र त्यो साहस वीरतामा आधारित छ । आखिर मुक्तिको लागि बलिदान अपरिहार्य रहिआएको छ । तसर्थ, हामीले दुःखान्त वा बलिदानलाई सहादतको एक विशिष्ट मूल्यका रुपमा ग्रहण गर्नुपर्दछ ।

जन्मेपछि मर्नु अनिवार्य छ, परन्तु सहादतको मूल्य मृत्युमात्र होइन । मान्छे रोग व्याधि लागेर, कुनै दुर्घटनामा परेर वा कुनै न कुनै सामान्य हिसाबबाट मर्ने गर्दछन् । यसप्रकारका मृत्यु दुःखद भएपनि साधारण वा स्वाभाविकै बन्ने गर्दछन् । परन्तु, देश र जनताको मुक्तिका खातिर वरण गरिएको वा हुन गएको मृत्यु असाधारण र महान् हुने गर्दछ । हाम्रा सहिदहरुले असाधारण र महान् मृत्युको वरण गरेका छन् । र, वास्तविक अर्थमा सहिदको मृत्युलाई मरण होइन, अमरताको अर्थमा ग्रहण गरिन्छ । उनीहरु मरेर पनि देश र जनताका लागि सदा अमर बन्न गएका हुन्छन् । यसमा हामीले दुःख मात्र होइन गौरव पनि गर्नुपर्दछ ।

नेकपा (माओवादी) द्वारा सञ्चालित महान् जनयुद्धको प्रक्रियामा देश र जनताको मुक्तिको लागि अनेकौं वीर-वीरङ्गनाहरुको सहादत त भयो तर देश र जनताको मुक्ति हुन सकेन । पार्टीले संविधानसभाको कार्यनीति अगाडि सारेकोमा पहिलो संविधानसभाबाट जनताको संविधान बन्नै सकेन र दोस्रो संविधानसभा यथास्थितिवादी तथा पश्चगामी शक्तिहरुको हातमा पुग्न गयो । महान् जनयुद्धले गम्भीर धक्का खाएको, पार्टीभित्रै दक्षिणपन्थी अवसरवाद पैदा हुन गएको र पुरातनपन्थीहरुको हालीमुहाली कायमै रहेको अहिलेको स्थितिमा निराशा, असन्तुष्टि र आक्रोशका स्वरहरु पनि प्रशस्तै सुनिन थालेका छन् । यद्यपि यो निकै चिन्ता र दुःखको विषय हो । अपितु, अन्ततः हामीले बुझ्नुपर्दछ, सहादतको मूल्य कदापि खेर जाँदैन । यो बेला निरासावादी होइन, क्रान्तिकारी आशावादले समृद्ध भएर अगाडि बढ्नु पर्दछ । क्रान्ति सरल होइन, वक्ररेखाका बीचबाट विकसित हुने गर्दछ । क्रान्तिको द्वन्द्ववादलाई हामीले राम्रोसित बुझ्नुपर्दछ ।

सच्चा मार्क्सवादीहरु इतिहासका आरोह र अवरोहका जतिसुकै जटिल अवस्थामा पनि विचलित हुँदैनन् । उनीहरु विषयको गम्भीरता र जटिलतालाई बुझ्दै अगाडि बढ्ने सामर्थ्य राख्दछन् । तसर्थ, यो बेला हामीले निम्न विषयमा विशेष ध्यान दिनु आवश्यक छ :

पहिलो, सहिद तथा वेपत्ता योद्धाहरुका परिवारजन र घाइते अपाङ्ग योद्धाहरुको अभिभावकत्व ग्रहण गर्ने, उनीहरुलाई सङ्गठित तुल्याउने र ती सबैका मागहरुलाई सूत्रबद्ध गरी प्रभावकारी रुपमा आन्दोलनलाई विकसित गर्ने काम गर्नुपर्दछ । त्याग, वीरता र बलिदानको मूल्यवोधलाई सिङ्गो देश र अन्तर्राष्ट्रिय जगतमा पनि स्थापित तुल्याउनु पर्दछ ।

दोस्रो, क्रान्तिको इतिहासका विशिष्ट क्षणहरुमा मुख्यतः जनयुद्धको प्रक्रियामा हुन गएको धोका, षड्यन्त्र तथा गद्दारी र आफैबाट पनि हुन गएका कमी कमजोरीहरुको निर्ममतापूर्वक समीक्षा गर्नुपर्दछ । र, ती सबैबाट आवश्यक शिक्षा लिनु पर्दछ । असफलतालाई सफलताको जननी मान्ने गरिन्छ । असफलता वा हारबाट धेरै कुरा सिक्न र त्यो शिक्षाबाट अझै समृद्ध बनेर अगाडि बढ्न सकिन्छ ।

तेस्रो, क्रान्तिलाई सही ढङ्गले अगाडि बढाउनका लागि हामी मार्क्सवाद-लेनिनवाद-माओवादको पथप्रदर्शनमा दृढ इच्छाशक्तिका साथ अगाडि बढ्नु पर्दछ । सहिदहरुप्रतिको वास्तविक सम्मान क्रान्तिलाई निरन्तरता दिएर नै हुन सक्दछ ।

चौथो, क्रान्तिकारी कम्युनिस्ट एकता आजको ऐतिहासिक आवश्यकता हो । तसर्थ, हामीले सच्चा क्रान्तिकारी कम्युनिस्टहरुलाई एकताबद्ध गरी माओवादी कम्युनिस्ट केन्द्रको निर्माण गर्ने काममा विशेष जोड दिनुपर्दछ ।

महान् जनयुद्धमा अभिव्यक्त सहादतको मूल्य नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै समाजवाद र साम्यवादको उदात्त आदर्श प्राप्तिको लक्ष्य तथा ऐतिहासिक कार्यभारसित अभिन्न रुपमा गाँसिएको छ । यसप्रकारको उद्देश्य प्राप्तिका लागि सामन्तवादका साथै साम्राज्यवाद, विस्तारवाद र दक्षिणपन्थी संशोधनवादका विरुद्ध निर्मम सङ्घर्ष चलाउन आवश्यक छ ।

## क्रान्तिकारी माओवादी ...

सच्चा, इमान्दार र क्रान्तिकारी उत्तराधिकारी धारा भनेको क्रान्तिकारी माओवादी नै हो । त्यसैले यस पार्टीबाट आम शोषित-उत्पीडित जनसमुदायले परिवर्तनको ठूलो अपेक्षा गरेको छ । जनयुद्धको २२ औं दिवसको मनाएर क्रान्तिकारी माओवादीले जनताको आमूल परिवर्तनको आन्दोलन जारी छ, भिन्न रुपमा अहिले पनि जनयुद्ध जारी छ भन्ने सन्देश दिने तयारी गरिरहेको छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयलाई लिएर तीन महिने अभियानमार्फत जनताको घर घर पुगेको क्रान्तिकारी माओवादीले फेरि आम जनतालाई क्रान्तिको तयारीमा जुट्न अपील गरिरहेको छ ।

# बाँकेमा संगठन विस्तार अभियान तीव्र

**नेपालगञ्ज** । नेकपा (क्रान्तिकारी माओवादी) को तीन महिने संगठन सदृढिकरण तथा जनपरिचालन अभियान अर्न्तगत बाँके जिल्लामा अभियान तिव्र रुपमा अघि बढेको छ ।

थारुवान राज्य समिति अन्तर्गत रहेको बाँके जिल्लामा 'संगठन विस्तार तथा सुदृढीकरण र जनपरिचालन अभियान सफल पारौं ।' भन्ने मूल नाराका साथ जारी अभियानमा क्रान्तिकारी माओवादीका नेता कार्यकर्ताहरु जिल्लाका विभिन्न गाविसका गाउँ-गाउँ र टोलटोलमा पुगेर संगठन विस्तार तथा सुदृढिकरण अभियान सञ्चालन गरिरहेका छन् ।

अभियानका क्रममा जिल्ला स्तरका नेताहरुले विभिन्न स्थानमा नाराले वाल पेन्टिङ गर्दै विभिन्न स्थानको अभियानमा जुटेका हुन् । पार्टी, मोर्चा र जवसका पूर्व समितिहरुलाई सुदृढ गर्ने र नयाँ समितिहरु गठन गर्ने काम तिव्र गतिमा अगाडि बढ्नुका साथै जागरण सभाहरु समेत आयोजना गरिदै आएको छ ।

बाँके जिल्लाअन्तर्गत विभिन्न गाविसका गाउँरटोलहरुमा बनेका प्रारम्भिक समितिका संयोजक तथा सचिवहरु चयन गरिएको छ । सोही अनुसार सीतापुर गाविस २ युवा संगठनको संयोजनकमा राजेश कुमार श्रेष्ठ, राधापुर गाविस ५ सैनिकको पार्टी प्रारम्भिक समिति सचिवमा शशीबहादुर शाही, उडरापुर २ सिमलघारी पार्टीसमिति सचिवमा कर्णवहादुर विक. र महिला संगठन समिति संयोजकमा हरिकला घर्ती, राधापुर ७ विरपुरको पार्टी प्रारम्भिक समिति सचिवमा यमबहादुर नेपाली र महिला संगठन समिति संयोजकमा हीमा सुनार, राधापुर ३ बेलडाँडा पार्टी प्रारम्भिक समिति सचिवमा ठकु थापामगर, राधापुर ८ नेउलीडाँडा पार्टी समिति सचिवमा अर्जुन सुनार सर्वसम्मतिबाट चयन भएका छ ।

त्यसैगरी कोहलपुर नगरपालिका ३ मैटहवा पार्टी समिति सचिवमा कर्णबहादुर थारु र युवा संयोजकमा सालिग्राम चौधरी, नौवस्ता गाविस वडा नं. ५ युवा संगठन संयोजकमा अर्जुन चौधरी, महादेवपुरी ८ बेरानीमा समिति सचिवमा रमेश थारु सर्वसम्मतिबाट चयन भएका छन् ।

हाल पार्टी अभियान महादेवपुरी गाविसका विभिन्न वडाहरुमा पुगेको छ । बाँके जिल्ला इन्चार्ज भुपेन्द्र न्यौपानेले अभियानको नेतृत्व गरेका छन् भने बाँके जिल्ला पार्टी सचिव लोकबहादुर डाँगी, पार्टी सह-सचिव उपेन्द्र शाही, पार्टी सूचना तथा संचार प्रमुख राजन बुढा लगायत जिल्ला समितिका र राज्य समितिका नेता कार्यकर्ताको प्रत्यक्ष अप्रत्यक्ष सहभागिताले अभियान सफलताको गतिमा अगाडि बढीरहेको छ ।

## क्रान्तिकारी युवा लिग प्युठानको संयोजकमा बल ब.केसी

**प्युठान** । नेकपा (क्रान्तिकारी माओवादी) निकट क्रान्तिकारी युवा लिग नेपाल प्युठानको एक भेलाले बलबहादुर केसीको अध्यक्ष रहेको २५ सदस्यीय जिल्ला कमिटि गठन गरेको छ । त्यसैगरी पवित्रा धमको संयोजकत्वमा १५ सदस्यीय अनेमसंघ (क्रान्तिकारी)को पनि जिल्ला समिति गठन गरेको छ । उक्त भेलामा करिब तीन सयको संख्यामा युवा तथा महिलाहरुको उपस्थिति रहेको थियो ।

## अनेमसंघ (क्रान्तिकारी) बर्दियामा जानकी चौधरी

**बर्दिया** । बर्दियाबाट प्राप्त समाचार अनुसार हालै भएको एक भेलाले जानकी चौधरीको संयोजकत्वमा १५ सदस्यीय जिल्ला समिति निर्माण गरेको छ भने त्यस्तै विध्यार्थीहरुको एक भेलाले आयुष न्यौपानेको संयोजकत्वमा ९ सदस्यीय अखिल (क्रान्तिकारी)को जिल्ला समिति निर्माण गरेको छ । अभियानको क्रममा अन्य जबस मोर्चाका जिल्ला समितिहरु निर्माणको तयारीमा रहेका छन् ।

## अखिल (क्रान्तिकारी) कंचनपुरमा तारा पन्त

**कन्चनपुर** । अखिल (क्रान्तिकारी) कंचनपुरले गरेको जिल्ला भेलाले तारा पन्तको अध्यक्षतामा ३१ सदस्यीय जिल्ला कार्यसमिति चयन गरेको छ । उक्त भेलामा तीनसय भन्दा बढी विध्यार्थीहरुको उपस्थिति रहेको थियो ।

यसैबीच, मानवहादुर चौधरी संयोजक रहेको १७ सदस्यीय अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघको कंचनपुर जिल्ला समिति पनि गठन गरिएको जिल्ला स्थित हाम्रा संवाददाताले जनाएका छन् ।






**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं